जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ३९, २०७६ साल माघ १७ गते शुक्रबार, नेपाल संवत् ११४० (Jan. 31, 2020) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

### फ्रि-तिब्बतका पक्षधरलाई उकास्दै अमेरिका

काठमाडौं । नोबेल कोरोना भाइरससँग जुधिरहेको समाजवादी चीनलाई अझ तहसनहस बनाउने रणनीति अमेरिकाले लिइरहेको छ। अमेरिकाले चनिको अभिन्न अंग तिब्बतलाई अलग गराउने आफ्नो पुरानो साजिस अझै छोडेको छैन । हालैमात्र अमेरिकी तल्लो सदनले तिब्बतीहरुको पक्षमा विधेयक पारित गरेर चीनलाई आक्रोशित बनाएको छ ।

चीनको आन्तरिक मामिलामा अमेरिकाको दखलबाजीलाई चीनले कत्ति पनि रुचाएको छैन । बाँकी ८ पेजमा

### गाडी भाडामा मनपरी गर्नेलाई ट्राफिकको डण्डा

सरकारी भाडादर लागू नगर्ने सार्वजनिक सवारी साधनलाई ट्राफिक प्रहरीले कारबाही गर्ने भएको छ । उपत्यकाका सवारी साधनलाई पहिला अनुगमन गरिने भएको छ । सार्वजनिक सवारी साधनले सरकारी भाडादर १४ रुपैयाँलाई १५ रुपैयाँका दरले असुल्दै आएको अनुगमनले देखाएको छ ।

सवारी अनुगमनमा ४० युनिट परिचान भइसकेको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ । गाडीमा सरकारी भाडादर कायम भए नभएको अनुगमन गरी आफूखुसी बाँकी ८ पेजमा

# अमेरिकी सुरक्षा राडारभित्र नेपाल

काठमाडौं । अमेरिकी सहायता निकाय, मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को अनुदान सहायता स्वीकार गर्ने सम्बन्धमा सत्तारुढ दल डबल नेकपाभित्र विवाद जारी छ । एमसीसीसँगको कम्प्याक्ट सम्झौता अनुमोदनको विषयले प्रवेश पाउने अपेक्षाबीच नयाँ सभामुख अग्निप्रसाद सापकोटाले यसमा बहस छेडिएकाले हतार नगर्ने अभिव्यक्ति दिएका छन् । उनको यस्तो अभिव्यक्तिले संसदको कार्यसूचीमा एमसीसीले तत्काल प्रवेश नपाउने संकेत गरेको छ। तर प्रधानमन्त्री केपी ओलीले संसदकै रोस्ट्रमबाट पारित गर्नुपर्ने भनेका छन् । उनले एमसीसी पारित गर्नुपर्ने संसदको कार्यसूची रहेको र विलम्ब गर्नु नहुने बताएका छन् । प्रधानमन्त्रीको विलम्ब गर्न नहुने र सभामुखको अध्ययन भइरहेकाले हतारिन हुँदैन भन्ने भनाइले एमसीसीको किचालो अझै लम्बिने र विवाद झनै चर्किने स्थिति उत्पन्न भएको छ ।

सरकारले एमसीसीलाई असारमा गरेको पत्राचारमा एमसीसी अगस्ट महिना (भदौ १४) भित्रै अनुमोदन हुने उल्लेख थियो । त्यसअनुरुप सरकारले उक्त सम्झौता संसदमा दर्ता गराएको थियो । सन् २०१७ को सेप्टेम्बरमा नेपाल र एमसीसीबीच भएको कम्प्याक्ट सम्झौतापछि सरकारले अर्थमन्त्रालय मातहतको विकास समिति, मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपालमार्फत परियोजनाका आधारभूत काम अगाडि बढाएको थियो । यसको खर्च सरकारले ब्यहोरिरहेको छ । एमसीसी कम्प्याक्ट सम्झौतामा उल्लेख गरिएका ६ वटा पूर्वसर्तमध्ये संसदबाट अनुमोदन गराउने मुख्य काम नै रोकिएको छ ।

सरकारले गरेको खर्चको शोधभर्ना पनि अलपत्र अवस्थामा छ । अमेरिकी कांग्रेसले अनुमोदन गरेर अनुदान दिन लागेकाले नेपालले पनि संसदबाट उक्त सम्झौता अनुमोदन नगरी एमसीसीले शोधभर्ना पठाउन नमिल्ने प्रस्ट पारिसकेको छ । एमसीसीसँग सरकारले एमसिए नेपालमा भएको



खर्चको शोधभर्नास्वरुप एक करोड अमेरिकी डलर अर्थात् एक अर्ब १० करोड शोधभर्ना मागेको छ ।

एमसीसीको ५० करोड अमेरिकी डलर अनुदान सहायतामा कार्यान्वयन हुने विद्युत् प्रसारण लाइन र सडक परियोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजना घोषणा गर्नेदेखि विद्युत नियमन आयोग गठन गर्ने र एमसीसी सहयोगका परियोजना कार्यान्वयन सम्झौता पनि सम्पन्न भइसकेको छ । नेपाल र भारतबीच अन्तरदेशीय प्रसारण लाइन बनाउने सहमति पनि यसै सम्झौताका पूर्वसर्तका रुपमा थितयो । यसमा पनि भारतले सहमति गरिसकेको छ । सत्तारुढ दल नेकपाको केन्द्रीय समिति बैठकमा अध्यक्षद्वय प्रचण्ड र ओलीले एमसीसी पारित गर्नुपर्ने प्रस्ताव गरेका छन् । उनीहरुले सिधै एमसीसी पारित गर्ने भनेका छैनन् भाषा घुमाएका छन् । राजनीतिक दस्तावेजमा एमसीसीबारे केही उल्लेख नगरिए पनि राष्ट्रहितलाई सर्वोपरि राखी अमेरिका लगायत संसारका सबै देशसँग पास्परिक हितका आधारमा आर्थिक सहयोग र विकास कार्यमा साझेदारी गर्न तत्पर रहने उल्लेख छ। प्रधानमन्त्री ओली एमसीसी संसदबाट अविलम्ब पारित गरिनुपर्ने पक्षमा छन् । पार्टीका नेताहरु माधव नेपाल, झलनाथ खनाल, भीम रावल, योगेश भट्टराई लगायतले एमसीसी इन्डोप्यासिफिक रणनीतिकै अंग भएको र यसलाई स्वीकार गर्न नहुने भन्दै आएका छन् ।

पूर्वमाओवादी पक्षका देव गुरुङ लगायतका थुप्रै नेताहरु एमसीसीलाई संसदबाट अनुमोदन गर्न नहुने अडानमा छन् । तर अध्यक्षद्वयले एमसीसी इन्डोप्यासिफिक रणनीतिको अंग नभएको देखाउन दस्तावेजमै प्रयास गरेका छन् । सरकार र पार्टी बाह्य सैन्य गठबन्धनको हिस्सा कहिल्यै नबनेको भन्दै ओली प्रचण्डले सैन्य रणनीतिका रुपमा आर्थिक र राजनीतिक सहयोग प्रस्ताव आए स्वीकार नगर्ने प्रस्ट पारेका छन् ।

पार्टी र सरकारले आफू कुनै पनि बाह्य सैनिक गठबन्धन र सैन्य रणनीतिको हिस्सा कहिल्यै नभएको स्पष्ट पारेको छ । 'सैन्य रणनीतिकै रुपमा अन्य आर्थिक र राजनीतिक सहयोगको प्रस्ताव अगाडि आएमा नेपालले मन्जुर गर्न सक्दैन' राजनीतिक प्रतिवेदनको पृष्ठ ८ मा उल्लेख छ 'तर राष्ट्रिय हितलाई सर्वोपरि राखी अमेरिका लगायत सबै देशसँग पारस्परिक हितका आधारमा आर्थिक सहयोग र विकास कार्यमा साझेदारी गर्न नेपाल सधैं तयार छ ।' अमेरिकाको इन्डोप्यासिफिक रणनीति उसको हिन्द महासागर वरिपरिका क्षेत्रहरुमा आफ्नो प्रभाव विस्तार गर्ने, प्रभुत्व कायम गर्ने, पहिलो आर्थिक शक्तिका रुपमा उदाउँदै गरेको चीनलाई घेरा हाल्ने र कमजोर पार्ने सैन्य रणनीतिका रुपमा अगाडि आएको दस्तावेजमा उल्लेख छ ।

प्रधानमन्त्री ओलीले अमेरिकाको इन्डोप्यासिफिक स्टाट्रेजी र अमेरिकाले नेपालमा गर्न खोजेको सहयोग परियोजना एमसीसी फरक रहेको पार्टी बैठकको उद्घाटन मन्तव्यमा बाँकी ८ पेजमा

## नेपाल-भारत सीमामा टोली

नेपाल-भारत सीमामा सरकारले सुरक्षा टोली खटाएको छ । नेपालको सीमामा भारतीय अतिक्रमण अत्यधिक बढेपछि नेपाली पक्षले पनि अहिले यस विवादलाई गम्भीर रुपमा लिन थालेको छ ।

नयाँ पिलर निर्माण, भत्किएका पिलर मर्मत र सीमा विवाद भएका स्थानको रेकी गर्ने जिम्मेवारीसहित नेपाल-भारत सीमामा संयुक्त टोली खटाइएको छ ।

प्रमुख नापी अधिकृत जनक भण्डारीको नेतृत्वमा सीमा संयुक्त टोली गठन भई सर्भेमा खटिएको हो । भारतका तर्फबाट पनि नापी टोली गठन भएको छ । जोर नम्बरका पिलर भारतले र बिजोर पिलर नेपालले मर्मत गर्नुपर्ने कार्यादेश छ ।

नेपालका विभिन्न ठाउँमा भारतीय अतिक्रमण बढ्दै गएको छ । कैलाली र कञ्चनपुरको सीमा विवाद समाधानका लागि पटक पटकम सर्वे टोली खटाउँदा पनि विवाद समाधान नभएपछि तेस्रोपल्ट संयुक्त सर्भे टोली खटाइएको हो ।

माघ ३ गते भारतको उत्तराखण्ड राज्यको बनबासामा दुवै देशका सुरक्षा र सीमा अधिकारीको बैठकले संयुक्त सीमा सर्भे आरम्भ गरेको थियो ।

दुई वर्षदेखि कैलाली, कञ्चनपुर, बैतडी, दार्चुला र डडेल्धुराको सिमाना मात्रै हेर्ने गरी चौथो संयुक्त सीमा सर्भे टोली गठन हुँदै आएको छ ।

धनगढीको फूलबारीमा सीमा स्तम्भ हराएका छन् । ती सबै सीमा स्तम्भ सार्दा र पुनर्निर्माण गर्दा नेपालीले भोग चलन गरिरहको भूमि भारततर्फ जाने देखिएपछि स्थानीयले विरोध जाएका थिए ।

उता कञ्चनपुरको सीमा विवाद पनि कायमै छ । कञ्चनपुर पुनर्वास नगरपालिकाको आनन्दबजार र प्याराताल क्षेत्रको बाँकी ८ पेजमा

## एमसीसी सम्झौता खारेजीको माग

काठमाडौं । नेपाली भूमि कब्जाको विरोध तथा एमसीसी सम्झौता खारेजीको निम्ति विभिन्न राजनीतिक दल तथा संघसंस्थाहरुले गत माघ १० गते आयोजना गरेको संयुक्त विरोधसभाका वक्ताहरुले सरकारको राष्ट्रघाती नीतिको कडा विरोध गरेका छन् ।

रत्नपार्कस्थित गणेश मन्दिर परिसरमा आयोजित विरोधसभालाई अध्यक्षको आसनबाट सम्बोधन गर्दै नेकपा मालेका महासचिव सीपी मैनालीले हिन्द प्रशान्त रणनीति अन्तर्गत आएको राष्ट्रघाती एमसीसी सम्झौता कुनै हालतमा स्वीकार्न नहुने र यसलाई स्वीकारेका खण्डमा नेपाल अमेरिकी साम्राज्यवादका सिपाहीको परेड स्थलमा परिणत हुने खतरा रहेको बताएका छन् । अमेरिकाले भारत पाकिस्तानबीचको विवादमा जबर्जस्ती मध्यस्थता थोपर्न खोजेकै शैलीमा ट्रम्पले नेपालमा एमसीसी थोपरेको र यो अमेरिकी सुरक्षा रणनीति अन्तर्गत




जोडिएको र यसको उद्देश्य चीनलाई बाधा पुऱ्याउने, डिस्टब गर्ने रहेकाले नेपाललाई अन्तर्राष्ट्रिय सामरिक केन्द्रमा परिणत गराउनुपूर्व नै एमसीसी खारेज गरिनुपर्ने महासचिव मैनालीको भनाइ रहेको थियो ।

यसैगरी भारतले कालापानी, लिपुलेक, लिम्पियाधुरा अथवा ब्यास क्षेत्रको ३९५ वर्ग किमि नेपाली भूमि आफ्नो नक्सामा समावेश गरेर औपचारिक रुपमै कब्जा गरेको र उक्त भूमि भारत सरकारका प्रवक्ताले भारतको सार्वभौम भूमि भएको दाबी गरेको अवस्थामा समेत नेपाल सरकारले भारतसँग स्पष्ट धारणा राखी अविलम्ब आफ्नो भूमि फिर्ता गर्ने प्रयास नगरेकोमा मैनालीले सरकारको आलोचना गरेका छन् । उनले आफ्नो भूमिको बाँकी ८ पेजमा

### तातोपानी नाकामा कोरोना सहायता कक्ष

काठमाडौं । चीनमा फैलिएको नोवल कोरोना भाइरस संक्रमण फैलिन नदिन उत्तरी नाको तातोपानीमा हेल्थ डेस्क स्थापना गरिएको छ ।

भोटेकोशी गाउँपालिकासँग समन्वय गरी स्थानीयवासीमा जनचेतना जगाउने उद्देश्यले प्रचारप्रसार गर्नुका साथै हेल्थ डेस्क स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी गोमादेवी चेम्जोङले जानकारी दिए । डेस्कमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइएको र कोरोना भाइरसको लक्ष्यण देखिएमा बिरामीलाई तत्काल काठमाडौं अस्पतालमा पठाइने व्यवस्था मिलाइएको जिल्ला जनस्वास्थ्य अधिकृत दुर्गादत्त चापागाईंले बताए ।

तिब्बती भूभागमा हाल हिमपात भई सडक बन्द भएको र ल्होछार पर्वसमेत परेकाले एक सातादेखि चीनबाट सामान आयात बन्द गरिएको तातोपानी भन्सार कार्यालयका सूचना अधिकारी केशव वलीले जानकारी दिए । अध्यागमन कार्यालयका अनुसार खासा क्षेत्रमा शुरुदेखि नै बाँकी ८ पेजमा

## आयातीत ऊर्जा कटौतीमा प्रधानमन्त्री ओली

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको बिजुली खपत गराउने र ऊर्जा आयात कटौती गर्ने सोचका साथ भारतबाट आयात गरिने आयोजनाहरु तत्काल रोक्न निर्देशन दिएका छन् ।

भारतको मोतीहारीदेखि चितवनको लोथरसम्म खाना पकाउने एलपी ग्यास पाइपलाइनको आयोजना तत्काल रोक्न निर्देशन दिएको समाचार सार्वजनिक भएको छ ।

यो निर्णयले मुलुकमा आगामी वर्षदेखि हुने जगेडा बिजुली खपत गराउने र ऊर्जा आयात कटौती गर्ने राज्यको नीतिलाई थप बल पुगेको छ ।

यो आयोजनामा १५ अर्ब रुपैयाँको ग्यास पाइपलाइन र तीन अर्ब रुपैयाँको भण्डारण खर्च लाग्ने बताइएको छ । भारतले ग्यास, बिजुली र पेट्रोलियममा नेपाललाई पछिसम्म परनिर्भर गराउने नीति लिएको छ । यस नीतिलाई प्रधानमन्त्री ओलीले लोप्पा खुवाइदिएका छन् । यो उनको सकारात्मक कदम हो ।

नेपाल विद्युत् प्राधिकरणले यहाँको विद्युत् प्रणालीमा बाँकी ८ पेजमा

## अमर सहिदको सम्झना

काठमाडौं । नेपालमा १०४ वर्ष लामो समयसम्म चलेको जहाँनियाँ राणा शासनको अन्त्यको लागि नेपाली जनताले ठूलो संघर्ष गरेका थिए । राणा विरोधी अभियानमा लागेकै कारण वि.सं. १९९७ माघ १० देखि १५ गतेभित्र चार जना अमर सहिदलाई राणा शासकले मृत्यु दण्ड दिएका थिए । शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्द जस्ता वीर सहिदको बलिदानीको स्मरणस्वरुप माघ १६ गते सहिद दिवस मनाउने गरिन्छ ।

२००७ सालको क्रान्तिपछि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा पनि थुप्रै बहादुर नेपाली छोराछोरीहरुले ज्यानको बलिदानी दिएका छन् । अग्रज चार सहिद तथा अरु सबै ज्ञात अज्ञात सहिदहरुको स्मरण गर्दै उनीहरुको योगदानको सम्झना र सम्मानमा मुलुकभर विभिन्न बाँकी ८ पेजमा

### समय सन्दर्भ

## सहिद दिवस वार्षिक कर्मकाण्डमा सीमित

■ तेजेन्द्र प्रसाईं

*'हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए*
*बन्दैन मुलुक दुई चार सपुत मरेर नगए'*
*भूमि शेरचन*

राष्ट्रको रक्षाका लागि जीवन बलिदान गर्नेहरुलाई सहिद भनिन्छ । सचेतन रुपले समाज र मुलुकको अग्रगमन खातिर संघर्ष गर्दा विद्यमान राज्यसत्ताद्वारा वैधानिक/अवैधानिक तरिकाले ज्यान लिइएकालाई सहिदका रुपमा सम्मान गरिन्छ । निरंकुश जहाँनिया राणा शासनविरुद्ध लखन थापा मगरले वि.सं. १९२७ मा गोरखाको बुङकोटको काहुले भंगारमा दुई हजार संख्यामा मिलिसिया निर्माण गरेर जंगबहादुर राणाको निरंकुश जहाँनिया शासनविरुद्ध झण्डा उठाएका थिए । उनी लगायत आठजना विद्रोहीहरुलाई गोरखाको मनकामना मन्दिर नजिक रुखमा झुण्ड्याएर फाँसी दिइएको थियो । त्यसैले लखन थापालाई



नेपालको पहिलो सहिद मानिन्छ ।

राणा शासनविरुद्ध पहिले संगठित राजनीतिक संघर्ष वि.सं. १९९० को दशकमा सुरु भयो । नेपाल प्रजापरिषद् नामक राजनीतिक संगठन नै खडा गरेर राणा शासनविरुद्ध जनचेतना फैलाउने अभियानमा लागेका युवाहरुलाई राणा शासकहरुले गिरफ्तार गरे । तीमध्ये गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द र शुक्रराज शास्त्रीको राणा शासकहरुले कायरतापूर्वक हत्या गरे । यी चारजनामध्ये गंगालाल र दशरथ चन्दलाई शोभाभगवतीमा गोली ठोकियो । शुक्रराजलाई टेकुको खरिबोटमा झुण्ड्याइयो भने धर्मभक्तलाई सिफलको बकैनाका रुपमा टाँगियो । गंगालाल र दशरथ चन्दलाई नरशमशेरले गोली ठोकेका थिए । तर तिनै हत्यारा नरशमशेरलाई राजा त्रिभुवनले राणा त्रिभुवनले प्रजातान्त्रिक नेपालको पहिलो प्रहरी प्रमुख बनाए । यतिमात्र होइन, राजा त्रिभुवनकै हस्ताक्षरले चरजना मारिएका थिए । हत्या गर्न हुकुम दिने त्रिभुवनको सालिक सहिद गेटमा चार सहिदको सालिकभन्दा माथि राखिएको छ । योभन्दा ठूलो सहिदको अपमान के हुन सक्छ ? सहिदहरु सर्वश्रेष्ठ व्यक्ति हुन्, क्रान्तिका प्रेरणाका स्रोत हुन् अनि समाजका अगुवा र नयाँ इतिहासका निर्माता हुन् । सहिदको कुनै वर्गीय, जातीय, लिंगीय वर्गीकरण हुँदैन । सहिद उच्च कोटीका मानव हुन्छन् अमर हुन्छन् र बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई


सम्पादन सहयोगी
गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल)

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*


# तिब्बतीलाई खेद्ने बेला यही हो



## सुरेन्द्र ढकाल

तिब्बत हुंग वंशको शासनकाल देखिनै चीनको भूमी रहेको भन्ने कुरा बेलायतीहरुले प्रकाशन गरेको टिष्टा कांगडा सहितको विशाल नेपालको नक्शा (The Dominion of House of Gorkha) ले नै प्रमाणित गरेको छ । धर्मको कुरा आउदा चीनको हुंग सम्राटले दलाइलामालाई मान्नु पर्ने अनि राज्य संचालनको कुरा आउदा दलाइलामाले चीनको शासन स्वीकार्न पर्ने शर्तमा तिब्बत चीनको भूमी वन्न गएको थियो । अनि दलाइलामा पनि जस्लाई चीनले मान्यता दियो उहि हुने परंपरा रहेको थियो । चीनमा समाजवादी गणतन्त्र स्थापना भएपछि त्यसलाई नमानेर दलाइलामा र यसका पिछलग्गुहरु आफनो भूमी छाडी विदेश पलायन भए । भारतले उनीहरुलाई शरणमात्रै दिएन वल्की दलाई लामाको निर्वाशनको सरकार धर्मशालाबाट संचालन गर्न दिइरहेको छ । भारतले तिब्बतीहरुलाई सरकार संचालन नै गरेर वस्न दिएपछि यिनीहरु सबै भारत पलायन हुनु पर्ने हो । तर यिनीहरु अमेरिका र भारतको इशारामा नेपाल पनि शरणार्थीको रुपमा मात्रै नवसी नेपाली भूमीलाई स्वतन्त्र तिब्वतको अभियान संचालन गर्ने थलोको रुपमा प्रयोग गरिरहेका छन् । सन १९८० को दशकमा नेपालमा शरणार्थीका रुपमा रहेका यी तिब्बती खम्पाहरुले नेपालको मुस्तांगलाई आधार शिविर वनाई, अमेरिकी अत्याधुनिक हतियारले शशस्त्र भई तिब्वत स्वतन्त्र गर्ने कार्यमा लाग्दा नेपालका राजा वीरेन्द्रले यिनीहरुलाई शाही नेपाली सेना लगाई दवाएका थिए त्यही क्रम शशस्त्र विद्रोहको नेतृत्व गर्ने वांगदी नेपालका दार्चुलामा मारिएका थिए । त्यतिखेरको विश्व शीतयुध्दबाट प्रभावित भएको र भारत सोभियत संघ सैनिक संझौतामा वाधिएको कारण अमेरिकाले चीनसंग सम्वन्ध सुधारेको मौका हुंदा नेपालले अमेरिका समर्थित खम्पा विद्रोहीलाई दवाउदा अमेरिका चुप लागेर वसेको थियो । त्यति खेरै राजा वीरेन्द्रले कि त यिनीहरुलाई चिनमा सुपुदर्गि गर्नु पर्थ्यो कि त भारतको धर्मशाला तिर लखेटनु पर्थ्यो । दयावान राजा भएका कारण यिन्ले यी तिब्बती विद्रोहीहरुलाई नेपालमानै रहन दिए ।

नेपालमा २०४६ सालको राजनीतिक परिवर्तन पश्चात नेपाली जनता सार्वभौमसत्ता सम्पन्न भए अनुरुप उनीहरुले ग्रेटर नेपालको मुध्दा उठाए । ग्रेटर नेपाल निर्माण हुंदा भारतले टिष्टा कागडा प्रदेश र भुटानले पनि केही गाउ नेपाललाई फिर्ता दिनु पर्थ्यो । त्यही कारण भारतले भुटानलाई उक्सायर भुटान नियन्त्रित ग्रेटर नेपालको भूमीमा पुस्तौ देखि वस्दै आएका एक लाख भन्दा वढी नेपालीलाई खेदी नेपालमा शरणार्थी वन्न वाध्य वनायो । यस्को कारण कतै नेपाल, भारत र भुटान वीच विवाद पर्ला र चीनले त्यो विवादमा खेल्ने मौका पाउला भन्ने डरले अमेरिका र क्यानडाले त्यहा गई वस्न चहाने भुटानी नेपालीलाई आआफना देशमा वसोवास गराए । त्यसको ठीक विपरित अमेरिका नेपालमा रहेका तिब्बतीहरु नेपालमै वसी स्वतन्त्र तिब्बतको अभियान संचालन गरोस भन्ने चहाना राख्दछ त्यही कारण कतै नेपाल चीन वीच सुपुदर्गि सन्धी होला र नेपालमा रहेका तिब्बतीहरु तिब्बत फर्कन वाध्य होलान भन्ने त्रास अमेरिकालाई छ । अर्को तर्फ



United States Senate
COMMITTEE ON FOREIGN RELATIONS
WASHINGTON, DC 20510-6225

October 11, 2019

The Right Honorable K.P. Sharma Oli
Prime Minister of Nepal
Office of the Prime Minister and Council of Ministers
Singhdurbar, Kathmandu, Nepal

Dear Prime Minister Sharma Oli,

I wish to applaud your government for its commitment to host Tibetan exiles and refugees over many decades. As you know, the safety of Tibetan refugees is an issue of great concern to the United States.

However, I am concerned by recent media reports that Nepal is considering signing an extradition agreement with China that could expose Tibetans to forced removal to China, including reports that this agreement could be signed in conjunction with the upcoming visit of Chinese President Xi to Kathmandu.

Any removal of Tibetan exiles or refugees to China would cause significant damage to Nepal's international reputation and have a serious negative impact on bilateral relations between our countries. I strongly urge against any additional steps toward completing such an agreement.

I would also urge your government to issue travel documents without delay to Tibetans wishing to depart for India—as it has done for years in the past under the "Gentlemen's Agreement"—as well as restart registration of Tibetan refugees living in Nepal.

I hope you will take these concerns into consideration before you sign any agreement that could damage our bilateral relationship.

Sincerely,

Robert Menendez
Ranking Member

सोभियत संघको पतन पछि अमेरिका एक छत्र रुपमा विश्वको महाशक्ति कायम रहेको र विश्व ब्यपारबाट चीनले ठुलो ब्यापार वचत गरी आर्थिक विकाश गर्न सफल भई चीन अमेरिकाको विश्व महाशक्तिको पगरि खोस्ने अवस्थामा आइ सकेको कारण अमेरिका चीनलाई पनि सोभियत संघलाई जस्तै टुक्रा टुक्रा पार्न चहान्छ । यसको लागि उस्ले ताइवान, हंगकंग, मकाउ र तिब्बतका विखण्डनकारी शक्तिहरुलाई मलजल गर्दै आइरहेकोमा अव अमेरिका खुलेरै यस अभियानमा लाग्न लागेको देखिएको छ । अमेरिकाको पछिल्लो इण्डो प्यासेफिक रणनीति यसैको उपज हो भने मिलेनियम च्यालेञ्ज कर्पोरेशन भने यसको अनुदान दिने इकाइ हो । अहिले नेपालका सत्तारुढ दलका नेता प्रधान मंत्री केपी, विपक्ष दलका नेता शेर वहादुर, राप्रपाका नेता कमल थापा, लगायत साझा पार्टीका रविद्र मिश्र र उनीहरुका पिछलग्गुहरु समेत अमेरिकी खेमामा उभिनुले नेपालको राजनीति राष्ट्रवादी र राष्ट्रघाती गरी दुइ कित्तामा विभाजन भएको छ । यदि नेपालको स्वतन्त्रता जोगाउने हो भने अव देशमा एक विशुध्द राष्ट्रवादी क्रान्तीको अपरिहार्यता देखिएको छ । तिब्वत नेपाल भन्दा पनि विकसित भई उनीहरुको जीवनस्तर उच्च भइरहेको अवस्थामा नेपालमा रहेका तिब्वतीहरुलाई कि स्वदेश, होइन मान्दैनन भने, भारतको धर्मशाला तिर लखेटनु पर्ने अवस्था आइसकेको छ । अमेरिकी प्रशासनले केपी ओलीलाई लेखेको पत्रले नेपालको स्वतन्त्रताको खिल्ली उडाइरहेको परिप्रेक्ष्यमा हिन्द अमेरिकी विस्तारवाद विरुध्द नेपाली राष्ट्रवादी आन्दोलन उठाउनै पर्दछ । यस क्रममा पहिलो कार्य भनेकै नेपालबाट तिब्वती शरणार्थीहरुलाइ लखेटनु हो ।

# सम्पादकीय

## पर्यावरण मैत्री विकासको खाँचो


अहिले मुलुकभर बाटो खन्ने अभियान तीव्र ढंगले चलिरहेको छ । केन्द्र सरकारदेखि प्रदेश हुँदै स्थानीय सरकारको बजेटको महत्वपूर्ण हिस्सा सडक निर्माणमा लागेको भए तापनि सडक निर्माणमा पर्यावरण संरक्षणतर्फ ध्यान पुऱ्याउन नसकेको जनगुनासा र समाचारहरू सञ्चारमाध्यममा दिन प्रतिदिन आइरहेका छन् ।

खासगरी अहिले गाउँघरमा निर्माण भइरहेका स्थानीय सडकहरू बिनायोजना जथाभावी खनिएका छन् । गाडी कहिल्यै नचल्ने ठाउँमा पनि बजेट खर्च गर्ने र जनप्रतिनिधि र उनीहरूका मानिसले सञ्चालन गरेका निर्माण उपकरणहरूलाई काम दिने उद्देश्यले बनाइएका सडकले गाउँघरको पर्यावरण पूरै खलबल्याएको छ । त्यसैगरी ढुंगा, रोडा, उद्योग चलाउनेहरूले गर्ने गरेका डोजर आतंक अनि जग्गा प्लटिङ गर्नेले गरेको जथाभावी पर्यावरण विनाशको लेखाजोखा गर्न सानोतिनो अध्ययनले मात्र सम्भव हुँदैन ।

जलवायु परिवर्तनको विश्वव्यापी असरले हाम्रो देश पनि पूरै प्रभावित बनेको छ । कालापहाडका रूपमा परिणत हुँदै गएका हाम्रा हिमालले जलवायु परिवर्तनको विश्वव्यापी असरको संकेत गरेका छन् । अतिवृष्टि, अनावृष्टि, भूक्षय, बाढी पहिरो आदि पर्यावरण विनाशकै कारण भोग्नु परेका समस्या हुन् । हाम्रो पहाडी भूबनावट भएको ठाउँमा जथाभावी डोजर, स्काभेटर जस्ता साधन चलाएर बाटो खन्दा पानीका स्रोतहरू खलबलिएका छन् । ढुंगेधारा, कुवा जस्ता पानीका स्रोत सुकेर मानिसहरू पानीको खोजीमा आफ्नो गाउँठाउँ छोडेर तराई मधेसतर्फ झरिरहेका छन् । त्यसो त तराईको पानीको स्रोतमा पनि गम्भीर असर पुगिसकेको छ । चुरे क्षेत्रको अत्यधिक दोहन र पर्यावरण विनाशका कारण तराईको जलसतह घटिसकेको छ । चुरे फेदका समथर भूभागमा इनार, ट्युबेल सुकेर पानीको हाहाकार मच्चिसकेको छ । तराईको मरूभूमिकरण रोक्न चुरे क्षेत्र संरक्षण गर्नुपर्छ भन्ने आवाज चौतर्फी उठेको भए तापनि चुरे संरक्षण केवल नारा र भाषणमा सीमित छ । पूर्वराष्टजलवायु परिवर्तनको विश्वव्यापी असरले हाम्रो देश पनि पूरै प्रभावित बनेको छ । कालापहाडका रूपमा परिणत हुँदै गएका हाम्रा हिमालले जलवायु परिवर्तनको विश्वव्यापी असरको संकेत गरेका छन् । अतिवृष्टि, अनावृष्टि, भूक्षय, बाढी पहिरो आदि पर्यावरण विनाशकै कारण भोग्नु परेका समस्या हुन् । हाम्रो पहाडी भूबनावट भएको ठाउँमा जथाभावी डोजर, स्काभेटर जस्ता साधन चलाएर बाटो खन्दा पानीका स्रोतहरू खलबलिएका छन् । ढुंगेधारा, कुवा जस्ता पानीका स्रोत सुकेर मानिसहरू पानीको खोजीमा आफ्नो गाउँठाउँ छोडेर तराई मधेसतर्फ झरिरहेका छन् । त्यसो त तराईको पानीको स्रोतमा पनि गम्भीर असर पुगिसकेको छ । चुरे क्षेत्रको अत्यधिक दोहन र पर्यावरण विनाशका कारण तराईको जलसतह घटिसकेको छ । चुरे फेदका समथर भूभागमा इनार, ट्युबेल सुकेर पानीको हाहाकार मच्चिसकेको छ । तराईको मरूभूमिकरण रोक्न चुरे क्षेत्र संरक्षण गर्नुपर्छ भन्ने आवाज चौतर्फी उठेको भए तापनि चुरे संरक्षण केवल नारा र भाषणमा सीमित छ । पूर्वराष्ट्रपति डा.रामवरण यादवले चुरे संरक्षणका लागि बारम्बार चिन्ता व्यक्त गर्ने गरेका छन् । उनकै चासोमा सुरू भएको राष्ट्रपति चुरे संरक्षण आयोजनाको काम समेत प्रभावकारी हुन सकेको छैन ।

विकाससँगसँगै केही विनाश त पक्कै पनि निम्तिन्छ तर विकासलाई पर्यावरणमैत्री ढंगले गऱ्यो भने पर्यावरण संरक्षण र विकास एकसाथ अघि बढ्छ । बिना प्राविधिक अध्ययन जथाभावी बाटाघाटा खन्ने काम तत्काल रोकिनुपर्छ । वैज्ञानिक ढंगले वन व्यवस्थापन गर्नका लागि साथै नांगा डाँडापाखामा वृक्षरोपण गरिनुपर्छ । हाम्रा पितापुर्खाले वस्तु चराउने खर्कहरूमा जनावरलाई खुवाउने प्रयोजनका लागि ठूला ठूला पानीको पोखरी, आहालहरू खनेका हुन्थे । ती पोखरीहरूले गाउँघरका धारा कुवाको पानी आपूर्तिमा समेत योगदान पुऱ्याउँथे । अहिले खर्कमा वस्तु पाल्ने चलन हराएसँगै पोखरीको संरक्षण पनि हरायो र पानीसमेत सुकेर गयो । परम्परागत पानीको स्रोत संरक्षण गर्ने ढाँचाको अनुशरण गर्दा वर्तमानलाई पनि फाइदा पुग्छ । अर्कोतर्फ बालुवा, ढुंगाखानीलाई व्यवस्थित गर्न आवश्यक छ । जथाभावी गरिने उत्खनन्, नदी दोहन रोकेर जलचरको संरक्षणमा ध्यान दिनुपर्छ । पर्यावरण संरक्षणलाई चटक्कै बिर्सेर गरिने विकासले हामीलाई विनाशको बाटोमा मात्र पुऱ्याउनेछ । त्यसैले पर्यावरणमैत्री विकासतर्फ ध्यान पुऱ्याउँ ।

# आमाको माया



**जगदीश लामिछाने**
रौतहट, पौराई



केवल पुरुषबाट मात्रै पनि भोजनालयहरु तथा खाजा चमेनागृह आदि धेरै संस्था चलेका छन् । त्यहाँबाट पुग्ने सुविधाहरु हुन्छन् तर पनि प्रत्येक घरपरिवारमा आमा तथा परिवारको अन्योन्याश्रित सम्बन्धहरु बेग्लै र सुमधुर हुन्छन् किनभने कुनै पनि परिवारमा नौला बालबालिकाको जन्म आमाको कोखबाटै हुन्छ । त्यो बच्चालाई मन लगाएर स्याहार गरी हुर्काउने पनि आमा नै हुन् ।

बालकको कृत्रिम जन्मबारे विज्ञानले अरु गफहरु गर्छन् तापनि पारिवारिक सेवा सुश्रुषामा आमाको महत्व त्यो तान्त्रिकतामा अटाउन सक्ने कुरै भएन । आमा पहिले नारी रुपमै गृह प्रवेश गर्ने हुन् । उनको आफ्ना परिवारप्रति आत्मीयतामा अन्य कुनै व्यक्तिको ममताले मेल खाँदैन । कतै कतै भएका अपराध दुर्घटना अपवाद मात्र हुन् । आमा नै सर्वप्रथम गृह प्रवेश गर्दा एक बधु भएर भित्रिएकी हुन् । यसरी घरमा भित्रिने प्रक्रिया दुई थरीका वरवधु विवाहकै बारेमा केही चर्चा गरौं । उनको पति जहाँसुकै बस्ने ठाउँलाई नै घर भनिन्छ अपवादको र अपराधको धेरै चियोचर्चो गर्नुभन्दा अपराधै नहुने कुरा गरौं ।

(१) **साधारण विवाह** : छोरी शिक्षा पहिलेभन्दा धेरै बढेको छ । शिक्षाको सुलभताले केटीहरुकै मनमा पनि केही काम त म पनि गर्न सक्ने नै रहेछु, सक्दो काममा योग्यता र बलले भेटेसम्म मेरा हातका नङ्ग्रा खियाएरै खान्छु भन्ने आत्मविश्वास पलाउँदै गएकै देखिएको छ । यसैले पनि केटीहरु साना उमेरमा विवाहित हुन धेरै छोडेका छन् । नेपालकै कानुनले पनि २० वर्ष नभई कुनै कन्याको विवाह गर्नु पनि हुँदैन । यसै कारण पुरुषहरुले अहिले उमेर धेरै भएका पत्नीहरु पाउने गरेका छन् । केही पहिले एक वृद्धाले 'म नेपाली साहित्यकार भीमनिधि तिवारीकी छोरी हुँ । म ७२ वर्षकी भएँ । मेरो विवाह ३२ वर्षमा भएको हो । मैले खुसीले पतिको सम्पत्ति नै नलिएर २ छोरा पालेँ' भनी पत्रिकामै लेखाउनुभएको छ । विवाह बन्धन नै हो भन्नेमा २० वर्ष उमेर पुगेका केटी अझै पर्खी स्वाभाविक बैंस बिसाइरहेपछि त्यस्तै उमेरका केटाहरुले पनि पर्खनैपर्ने भयो । केटीहरु पनि मान्छे नै हुन् । सृष्टिको बिँडो थाम्ने आमा हुने मै हुँ भनेर पछि नै भए पनि सबैजसो कन्या विवाहमा अघि सरेकै छन्, विवाह गरेकै छन् । यो यथार्थ कुरो महिला नेतृहरुले हेर्नुभएकै हुनुपर्छ । मह अर्चने अर्थात् पुजनीय महिलाहरुले हेर्ने कुरा हो यो ।

बिना कुनै पनि कारण परी बच्चाले आफ्नै आमाको काखमा हुर्कन पाउनु र अनाथालयमा वा अरुबाट सेवा लिई हुर्कनुमा सो बच्चाको आत्मविश्वासमा ठूलो अन्तर रहन्छ । हुन पनि बाबु हुने पुरुष स्वभावैले स्वेच्छाचारी रुखा र आमा स्वभावैले कोमल र सरल हुने हुँदा साना बच्चा हुर्काउन धाइआमा नै भए पनि अनाथालयले कर्मचारी राख्ने गरेको सबैलाई थाहै छ । नारीहरु उनको शारीरिक शक्तिको कमीको कारणले पनि अन्तःचारिणी हुनाले बहिगर्मनमा कमै निस्कन्छन् । यस्तै संसारका सरकारहरुले पनि आफ्नी पत्नी र बालबच्चा उसकै पति र पितालाई नै पालनकर्ता कानुन नै बनाएका छन् र यस्तै भएको पनि छ ।

२. **लुकीचोरी पति समागम र गर्भधारण** : पहिले अशिक्षित छोरीहरु हुँदा पनि उनीहरुको प्राकृतिक बैंसमा यदाकदा लुकीचोरी विवाह तथा गर्भधारण केटीहरुमा हुन्थ्यो । अहिले शिक्षितहरुमै उनकै छाडापन भई अन्यथा रहेनछ भने र अपराध मनोवृत्तिका केटाले केटीलाई बलात्कारै गरेको र कानुन, धर्म र सामाजिक मान्यताले पनि तीनतिरबाटै मिल्ने रहेछ भने सक्दो चाँडो त्यही जोडी मिलाएर विवाह स्वीकार गरी आउँदो कष्टलाई समाजले टार्ने गरेको छ । त्यस्तो नागरिकमा दुर्घटना भई कति ठाउँका पतिपत्नीका बेहोसीले बालबच्चाहरुको र पतिपत्नीकै पनि संकष्ट वा ज्यानमा खतरा पैदा हुने डर रहन्छ । त्यसैले प्रत्येक शिक्षित युवायुवतीले आफ्नो कानुन, आफनो धर्म र आफ्नो सामाजिक मान्यता तीनवटैको अनिवार्य अध्ययन गर्नैपर्छ । अर्को शब्दमा वैवाहिक बेहोसी हटाउन शिक्षा व्यवस्थामा अनिवार्य उक्त तीन विषय राम्ररी अध्ययन हाम्रो राष्ट्रिय शिक्षामा हुनैपर्छ जसोतसो टारेर पढाइनु हुँदैन समग्र र परिपूर्ण अनिवार्य पढाउनैपर्छ ।

३. **विविध** : पुराना भनाइहरुमा बाबुलाई भन्दा दशगुणा बढी आमालाई मान्नुपर्छ भनिएकै छ, व्यावहारिक रुपमा पनि बच्चा हुर्काउन बच्चाको बाबुको जाँगरभन्दा मुख मात्र बढी चल्ने हो । उसकी आमाको भने बालकले खुबै हेरचाह र स्याहार पाउँछ ।

# मैले देखेको १२८ औं विश्व प्राकृतिक सम्पदा

# मनिलाको रिजाल पार्क

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा पार्क यस्तो देखिन्छ



पार्कभित्र रहेको सांस्कृतिक केन्द्रको भवन

धुलिखेल देखि नमोवुध्द सम्मको पैदल यात्रा सम्पन्न गरी घर फर्केपछि मेरो दिन चर्या गर्भवती जर्मन श्रीमती मोनिकाको हेरचाहमै वित्यो । त्यसै वीच हाम्री छोरी सुमोनाको जन्म पनि भइसकेको कारण उन्को हेरचाह गर्ने काम पनि थपिएको कारण ११ महिनाको समय वितेको पत्तै भएन । सन १९९२ को मे महिनामा ड्रेसडेन जर्मनीमा सम्पन्न भएको अनुगमन सेमिनारको अन्तिम दिन त्यस्तै सेमिनार एसिया प्रशान्त क्षेत्रमा सन १९९३ मा गर्ने भन्ने निर्णय भएको थियो । कहिले अनि कहा हुने भन्ने कुनै पत्तो थिएन । यसै विच सेप्टेम्वर १९९३ को पहिलो हप्तामा काठमाण्डौ स्थित जर्मन दुतावासले मलाई फोन गरी एक पत्र बुझ्न आउन अनुरोध गर्‍यो । म उत्सुक भएर पत्र वुझ्न गए । सो निमन्त्रणा पत्र रहेछ । २० सेप्टेम्वर देखि फिलिपिन्सको राजधानी मनिलामा हुने एसिया प्रशान्त क्षेत्रिय अनुगमन सेमिनारमा भाग लिन जर्मन सरकारकै खर्चमा म लगायत जर्मनीको स्पायर विश्वविद्यालय वाट प्रशासनिक विज्ञानमा स्नातकोत्तर गर्ने सबै एसिया प्रशान्त क्षेत्रका अलुम्नीहरुलाई बोलाइएको रहेछ । निमन्त्रणा पत्रको साथै अनुगमन कार्यक्रमको विस्तृत रुपरेखा र सहभागीको नाम र देश सहितको उल्लेख भएको व्रोसर र काठमाण्डौ बैंकक मनिला हंगकग बैंकक काठमाण्डौको दुइ तर्फि टिकट समेतको PTA (Prior ticketing Advice) लिइ म घर फर्के । घरमा आएर व्रोसर पढदा सेमिनार मनिला, वागियो र सुविक गरी तिन ठाउमा एक हप्ता सम्म हुने रहेछ र सेमिनार अवधिमा त्यस तीन ठाउको पर्यटकिय स्थलको अवलोकन गराउने कार्यक्रम पनि रहेको थाहा भयो । सन १९८५ देखि १९९२ सम्म इटली र जर्मनीमा वसी अध्ययन गर्दा यूरोपको थुप्रै मुलुकहरु हेर्ने अवशर प्राप्त भएता पनि आफै जन्मेको एसियाली महादेशको कुनै पनि देश जाने अवशर प्राप्त भएको थिएन । जे होस यस अनुगमन सेमिनारको कारण फिलिपिन्स र हंगकंग दुइ देश घुम्ने अवशर पाएकोमा आफुलाई गौरवको महशुश भयो ।  त्यस्को भोलिपल्टैबाट सेमिनारमा आफुले प्रस्तुत गर्ने पर्ने विषयको तैयारीमा म लागे । यसो गर्दा दुइ हप्ता वितेको पत्तै भएन । १९ सेप्टेम्वरको विहानै ८:३० वजे तत्कालिन शाही नेपाल वायुसेवा निगमको वोइंग बाट वैंकक तर्फ उडियो र बैकंक एअरपोर्टको ट्रान्जिटमा दुइ घण्टा वसी हामी फिलिपिनी एअरबाट मनिला पुग्दा त्यहाको वेलुकी भएको थियो । हाम्रो सेमिनार मनिला शहरको मुटुमा रहेको होटल होलिडे इनमा हुने भएको कारण हामीलाइ त्यही होटलमा राखिएको रहेछ । होटलमा पुगी हामी आआफनो कोठा तर्फ लाग्यौ र वेलुकी सात वजे होटलकै एक हलमा सहभागीहरु वीच परिचयको आदान प्रदान गरी रात्रीभोजमा सरिक भयौ । भोलीपल्ट विहान व्रेक फाष्ट



पार्कमा रहेको स्वतन्त्रताका सेनानीको स्मारकसहितको स्तम्भ



रिजाल पार्कमा सुरेन्द्र अरू मित्रहरुका साथ सेप्टेम्बर १९९३ मा



पार्कमा रहेको जोसे रिजालको अन्य स्वतन्त्रताका सेनानीको सालिक

सकि औपचारिक रुपमा हाम्रो सेमिनार नौ वजेबाट शुरु भई पहिलो शत्र १२:३० मा सम्पन्न भयो तत्पश्चात हामी लन्च गर्न तर्फ लाग्यौ र १३:३० बाट हाम्रो सेमिनारले निरन्तरता पाई १४:३० पहिलो दिनको कार्यक्रम सकिए पछि होटलबाटै वसमा हामीलाई मनिला शहर भित्र रहेको विश्वविख्यात रिजाल पार्क अवलोकन गराउन लगियो ।

## रिजाल पार्क

यो पार्क फिलिपिन्स स्पेनिसहरुको उपनिवेष रहेको अवस्थामा वनाइएको रहेछ । त्यतिखेर त्यस पार्कको नाम लुनेता पार्क रहेछ । पछि यस्लाई स्थानीय मनिला नगरवासीहरुले बागुमबायन पार्क पनि भन्दा रहेछन । विशाल शहर मनिलाको वन्दरगाह नजिकै रहेको पुरानो पर्खालले घेरिएको यो पार्क एसियाकै विशाल




पार्कभित्रका मनमोहक बोटबिरूवाहरू



पार्कमा मनोरञ्जन गर्न आउनेहरू

पार्कहरुमा गनिदो रहेछ । मनिला शहरको विशेष आर्कषण स्थलको रुपमा रहेको यो पार्कमा विशेष गरेर नियमित विदाको दिन आइतवार र अरु सार्वजनिक विदाको दिन लाखौ मानिसहरु मनोरञ्जनको लागि पुग्दा रहेछन् । यस पार्कको इतिहास खोतल्दै जादा सन १८२० मा मनिला शहरको पुरानो पर्खालको दक्षिण तिर समुद्रकै किनारमा पाएसो दे लुनेता नाम गरी यो पार्कको निर्माण स्पेनिशहरुले गरेका  रहेछन् । यो पार्क वन्नु भन्दा अघि सन १६०१ देखिनै यो ठाउमा एउटा सानो नुएभो वारि्रयो गरेको शहर र एक चर्च रहेछ । औपनिवेषिक बेलायतीहरुको आक्रमणबाट शहरलाई वचाउन स्पेनिशहरुले शहर भित्री भाग वरिपरि ठूलो पर्खाल लगाएका रहेछन् । सन १७६२ मा वेलायतिहरुले वनाएको बागुमवायन वस्ति स्पेनिसहरुले उठाएपछि त्यहा स्पेनिश सैनिक ब्यारेक र लुनेता सैनिक अस्पताल वनेको थियो रे जुन मनिलामा गएको ठूलो भूकम्पको कारण क्षत विक्षत भएको वताइदो रहेछ । पछि स्पेनका सम्राट आल्फोन्सो १२ औ शासनकाल सन १७७४।८५ तिर यो स्थानलाई पार्कमा रुपान्तरण गरी मनिला शहरको वासिन्दाको मनोरंजनस्थलको रुपमा विकाश गरिएको रहेछ । पछि सन १८२३ देखि १८९७ को समय अवधिमा स्पेनी औपनिवेषिक शासनका शत्रु भन्दै यस स्थानमा स्पेनिस उपनिवेशषबाट फिलिपिन्सलाई स्वतन्त्र वनाउने स्वतन्त्रताका सेनानीहरुलाई सार्वजनिकरुपमा मार्ने कार्य गरिएको कारण यो स्थल कूख्यात वन्न पुगेको रहेछ । त्यही क्रममा औपनिवेषिक सन १८९६ को डिसेम्वर महिनामा स्वतन्त्रताका सेनानी राष्ट्रवादी शहिद जोशे रिजाल यहि मारिएका रहेछन र उन्को नामबाट पछि यसको नाम रिजाल पार्क राखिएको रहेछ । पछि सन १९०१ मा फिलिपिन्स संयुक्त राज्य अमेरिकाको अधिनमा गएपछि पार्कको वीचमा एकलाख फिलिपिनी मुद्रा पेसो खर्च गरी उन्को अस्ति धातु सहितको पित्तल र ग्रेनाइटले वनेको उन्को शालिक स्थापना गरिएको रहेछ । यो शालिक इटलीका मूर्तिकार कार्लोस निकोली रहेछन जस्को अनावरण जोशै रिजालको १७औ वार्षिकी पारेर डिसेम्वर ३० १९१३ मा भएको रहेछ । यहि शालिक कालान्तरमा यस पार्कको विशेष आर्कषणको केन्द्र विन्दु वन्न पुगेको रहेछ । पछि सन १९५४ को अगष्टमा फिलिपिन्सका तत्कालिन राष्ट्रपति रामोन मागासेसे ले जोशे रिजालको शतवार्षिकीको अवशर पारेर उन्को संझनामा त्यहा जोशे स्मारक सास्कृतिक केन्द्र निर्माण गर्न लगाएका रहेछन् । यस केन्द्र भित्र, राष्ट्रिय नाचघर, म्यूजियम तथा पुस्तकालय समेत राखिएको रहेछ । त्यस्को एक वर्ष पछि सन १९५५ यसलाई राष्ट्रिय पार्कको हैसियत प्रदान गरिएको रहेछ । १६ हेक्टर भन्दा वढिको क्षेत्रफलमा फैलिएको यस पार्कमा वन्य जन्तु सहितको संरक्षित क्षेत्रको रुपमा विकाश गरिएको रहेछ । हामी करिव दुइ घण्टा त्यहा विताइ बेलुकी होटल फर्कियौं

# नेपाली कांग्रेसको पटना सम्मेलन





■ शम्भुराम श्रेष्ठ


भारत र चीनबीचको सन् १९६२ को सीमा युद्धमा भारतको बेइज्जतीपूर्ण पराजय भएकाले भारतको विस्तारवादी नेहरु सरकार नेपाली कांग्रेसले 'चलाउँदै आएको' निर्दलीय पञ्चायती शासन व्यवस्थाविरुद्धको सशस्त्र 'हिट एन्ड रन' संघर्षलाई चालु राख्न आफूले दिइआएका हातहतियारहरु दिइरहन असमर्थ हुन गयो। त्यसैले गर्दा नेपाली कांग्रेसको सशस्त्र 'हिट एन्ड रन' संघर्ष विल्कुलै चल्न नसक्ने भयो र चल्न छाड्यो पनि। त्यही नै कारणले बाध्य भएर नेपाली कांग्रेसले निर्दलीय पञ्चायती सरकारसमक्ष औपचारिक रुपले आत्मसमर्पण गरी सशस्त्र 'हिट एन्ड रन' संघर्षलाई समाप्त गर्नका लागि पटना सम्मेलनको आयोजना गरी त्यसमार्फत पञ्चायती व्यवस्थाको समर्थन गर्नुको साथसाथै नेपालमा 'खतराको रुपमा विकसित भइरहेका असामाजिक तत्वहरु - अर्थात् कम्युनिस्टहरु) सँग लड्न राजालाई सहयोग टक्र्याउँछौं भन्ने प्रस्ताव पास गर्‍यो। सोही सम्मेलनद्वारा पारित उपयुक्त प्रस्तावलाई समर्थन गरी बीपी कोइराला र गणेशमान सिंहले दिएको लिखित वक्तव्य ३ पटकसम्म लगातार रेडियो नेपालबाट प्रसारण गरिएपछि मात्र सुन्दरीजल जेलबाट उनीहरुलाई रिहा गरियो। तपाईंहरुको जेल जीवनसित नेपाली कांग्रेसको उक्त पटना सम्मेलनको के सम्बन्ध ?' भनी सोध्नु होला। निश्चय नै, हामीहरुको जेल जीवनको उल्लिखित पटना सम्मेलनसँग अवश्यै प्रत्यक्ष सम्बन्ध थिएन, तर पनि नेपालमा असामाजिक तत्व - अर्थात् कम्युनिस्टहरु) एकदमै खतरा बनिसकेको र त्यसैले त्यससित लड्नका लागि नेपाली कांग्रेस पञ्चायती व्यवस्थालाई समर्थन गर्छ, साथै राजालाई सहयोग टक्र्याउँछ भन्ने राजनीतिक प्रस्ताव पटना सम्मेलनद्वारा पारित जो गरिएको थियो, त्यसले गर्दा त्यो प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हामीहरुको सरोकारको विषय बन्न गयो। त्यही, त्यही समयमा चीनमा सामन्ती प्रतिक्रियावादी तथा पुँजीवादी विचारधारा एवं राजनीतिको र धार्मिक अन्धता समेतको विरुद्ध सांस्कृतिक - विचारधारात्मक) क्रान्तिका लहरहरु चलिरहेका थिए। निर्दलीय पञ्चायती शासन व्यवस्थाको प्रतिक्रियावादी सरकार महान चिनियाँ सांस्कृतिक क्रान्तिको विरोधमा एक न एक रुपमा उत्रनु विल्कुलै स्वाभाविक थियो। उक्त प्रतिक्रियावादी कार्यमा पञ्चायती सरकारले आफू स्वयं देखिने गरी अघि नसरी पटना सम्मेलनको निर्णयको आडमा नेपाली कांग्रेसका युवाहरुलाई प्रयोग गर्न खोज्नु र गर्नु पनि उत्तिकै स्वाभाविक थियो। त्यसको एउटा राम्रो उदाहरण त प्राध्यापक बीसी मल्लको नेतृत्वमा कांग्रेसी युवा विद्यार्थीहरुद्वारा भृकुटीमण्डपमा आयोजित प्रदर्शनीमा राखिएका चिनियाँ स्टलहरुमा ढुंगामुडा गराइएको घटना नै थियो। यसबाहेक, भोटाहिटीस्थित चिनियाँ पुस्तकहरु र पत्रपत्रिकाहरु बेच्ने पसलमा तोडफोड गराइएको घटनालाई पनि मानिसहरुले बिर्सेका छैनन्। यी नै सबै घटनाहरुले गर्दा जेलमा हामीहरुलाई नेपाली कम्युनिस्ट आन्दोलनविरुद्ध एउटा ठूलो शंका लाग्न थाल्यो। त्यसकारण उपरोक्त आशंकित षड्यन्त्रलाई विफल पार्नका लागि हामीहरुले केही न केही गर्नैपर्छ भन्ने हामीलाई लाग्यो। के गर्ने भन्ने बारेमा सोच्दै जाँदा अन्तमा हामीहरु आफ्नो सिद्धान्त र राजनीतिक अडानमा कुनै आँच नआउने गरी कुनै न कुनै राजनीतिक कमिटमेन्ट गरेरै भए पनि जेलबाट बाहिर निस्कनुपर्छ भन्ने निष्कर्षमा पुग्यौं। यो निष्कर्षमा पुगेपछि मनमोहन अधिकारी र मैले जेलबाट रिहा गरिएपछि हामी दुवैजनाले मूलतः तीनवटा कुराहरु अर्थात् (१) निर्दलीय पञ्चायती व्यवस्था एउटा जिउँदो यथार्थ हो (जो कसैले मान्नु नमान्नुदेखि स्वतन्त्र र परको कुरा हो) (२) यो पञ्चायती व्यवस्थालाई प्रजातन्त्रीकरण गर्नु अनिवार्य रुपले जरुरी भइसकेको छ। र, (३) एसियाली अफ्रिकी असंलग्न राष्ट्रहरुका सम्मेलनमा राजा महेन्द्रबाट 'नेपाल जुनसुकै रुपको उपनिवेशवादको पनि विरोध गर्छ।' भन्ने अडान व्यक्त भएको छ, त्यो विल्कुलै सही छ र त्यसको हामी दृढतापूर्वक समर्थन गर्दछौं- समावेश गरी संयुक्त वक्तव्य दिनेछौं।' भन्ने निर्णय गरी सेन्ट्रल जेलको जेलरमार्फत अञ्चलाधीशलाई खबर गर्‍यौं। जेलरमार्फत अञ्चलाधीशकहाँ सो मेसेज पठाउनुअघि हामीले त्यस समय जेलमा भएका कामरेडहरुसँग छलफल गरेका थियौं। तर मोहनविक्रमले हामीले छलफलको निम्ति अघि सारेको विषयमा सकारात्मक वा नकारात्मक कुनै टिप्पणी गरेन। उनको त्यो हामीलाई विल्कुलै ठीक लागेन, बरु टिप्पणी नगर्नुमा कुनै रहस्य लुकेको छ भन्ने लाग्यो।

# थाइल्यान्ड: जहाँ तीन महिना भिक्षु बन्नुपर्ने राष्ट्रिय परम्परा छ-३

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**





**पानीमाथिको बजार**

दुई दिनपछि म फेरि बैङ्कक नै फर्कें। त्यसो त यो सहरभित्र हेर्नुपर्ने, जान्नुपर्ने तथा बुझ्नुपर्ने धेरै बाँकी थिए। पूर्वयोजनाअनुसार एक दिन सबेरै म 'फ्लोटिङ मार्केट' (पानीमा तैरिने बजार) को यात्रामा गएँ। साँच्चै नै 'यथा नाम तथा कार्य' भनेझैँ पानीमा उत्रिरहने असङ्ख्य साना लाम्चा डुङ्गाहरूमा विविध प्रकारका फलफूल तथा खाद्यपदार्थहरूको सजावट र किनमेल गर्दा सजिलैसित मोलतोल गर्न हुने यो अनौठो हाटबजार जस्तै रहेछ। यहाँ डुङ्गा चढ्दै जाँदा पसले-डुङ्गा सललल बगेर आफूतिर आउने अथवा आफ्नो डुङ्गा त्यतैतिर खियाएर लग्ने क्रिया निकै मनमोहक लाग्यो। यहीँ ठूला गोला काँडैकाँडा भएको यसो हेर्दा सल्लाको सिम्टाजस्तो देखिने 'डुरियन' नामक फलफूल मैले जीवनमा पहिलो पटक देखेँ। यो फलफूल थाईहरूमा अति लोकप्रिय रहेछ र यसको बेचबिखन विशेषतः 'फ्लोटिङ मार्केट' मा हुँदो रहेछ।

**थाई नृत्य र सङ्गीत**

पूर्वी देशका शास्त्रीय नाचगानहरूको स्थान उच्चतम छ। साधारणतः उराठलाग्दो मानिए तापनि यस्तो शास्त्रीय नाचगानमा जुन 'सत्यं शिवं सुन्दरं' विद्यमान छ त्यो संसारका कुनै पनि आधुनिक नाचगानमा छैन। यसको सही अर्थ बुझेर एकैबाजि मात्र डुबुल्की मार्ने मानिसले सही अर्थमा उच्चतम आनन्द अनुभव गर्दछ र आधुनिक नाचगान सबैमा उसलाई फितलोपन अनुभव हुन थाल्छ।

यस अर्थमा थाई शास्त्रीय नाचहरू पनि निकै माथि पुगेको मलाई अनुभव भयो। त्यसो त यी नाचहरूको मतलब आफूले केही बुझेको छैन, तापनि जसरी चराचुरुङ्गीको सुरिलो आवाज मीठो हुन्छ त्यस्तै थाई शास्त्रीय नाच हेर्दा यसको आफ्नै पाराको आकर्षक वेशभूषा, पहिरन तथा भावपूर्ण र आशययुक्त भावभङ्गिमाले मन्त्रमुग्ध पारेको थियो।

**थाई भाषामा संस्कृत शब्दको स्थान**

एक दिन म आफूसँग भएको ठेगाना सोध्दै एक जना युवकलाई भेट्न गएँ। मेरा एक जना काठमाडौँका मित्रका सहपाठी ती युवकको घर सानो साधारण किसिमको देख्दा उनको आर्थिक स्तर मध्यमस्तरीय रहेछ भन्ने स्पष्ट हुन्थ्यो। 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन' भनी महाकवि देवकोटाले भनेको कुरा ती युवककहाँ मैले पाएको आतिथ्यसत्कारले प्रस्टचायो।

अपरिचित अतिथिको रूपमा जाँदा मैले त्यस घरभित्रको सरसफाइ देख्दा मुक्तकण्ठले प्रशंसा गर्नै पर्‍यो। लगत्तै ती हँसिला थाई युवकले आफ्ना दुई बहिनीहरूलाई समेत बोलाई मसँग परिचय गराए। ती युवतीद्वय आफ्नो स्वदेशी ब्लाउज तथा लुँगीजस्तो पोसाक जसलाई 'पसीन' भन्दा रहेछन्, लगाइराखेको देख्दा उनीहरूमा नेपाली फरिया र चोलोको हिसी टप्किरहेको देखेँ। साथै तिनीहरूको मृदुता तथा शिष्टाचारयुक्त विधिव्यवहार देख्दा थाई युवतीहरूको बारेमा ममा घर गरिरहेका अस्पष्ट कलुषित धारणाहरू पखालिँदै गए। ठूलीचाहिँ करिब उन्नाइस वर्षकी हुँदी हुन् कलेजमा पढ्दै थिइन् र सानीचाहिँ हाईस्कुलमा। ती दुवै दिदीबहिनी मिलेर मसँग भगवान् बुद्धको जन्मस्थल लुम्बिनीका विषयमा नाना थरीका प्रश्नहरू गरे। मैले भने स्वयम् आफ्नै देशको लुम्बिनीमा पाइलो हालिसकेको थिइनँ। तैपनि मैले जानेसुनेका लुम्बिनीका हालका गुरुयोजनाहरूको विषयमा सविस्तार वर्णन गरेँ। मैले सुनाएको वृत्तान्तमा उनीहरूले निकै उत्सुकता तथा जिज्ञासा प्रदर्शित गरे।

जीवनमा एकपल्ट लुम्बिनी दर्शन गर्ने तिनीहरूको प्रबल इच्छालाई मैले झन् घचघच्याइदिएको अनुभव भयो। त्यसपछि कुराकानीले अर्कै बाटो लियो। तिनीहरूको पठनपाठन विषयमा सोधपुछ गर्दा थाहा पाएँ- थाइल्यान्डमा प्राथमिक शिक्षादेखि विश्वविद्यालयसम्म आफ्नै राष्ट्रभाषाको माध्यमद्वारा शिक्षादीक्षा दिइँदो रहेछ।

थाई भाषाशास्त्रमा दखल भएकी ठूलीचाहिँले गरेको रमाइलो चर्चाबाट के थाहा पाउँछु भने तिनीहरूको भाषामा संस्कृत भाषाका शब्दले निकै ठूलो स्थान ओगटेको रहेछ। हामीले विद्यालय भन्ने गरेकोलाई थाईहरू 'विथयालय' भन्दा रहेछन्, त्यस्तै स्थानीयलाई 'सथानीय', रथलाई 'रोट', प्रतिदिनलाई 'प्रतिथिन', प्रजालाई 'प्रछा', वाणिज्यलाई 'फाणिच', राजदूतलाई 'राछथूत' आदि।

यसरी हामी पूर्वीयहरू कुनै न कुनै तरिकाबाट एकअर्कोसँग अविच्छिन्न रूपले आबद्ध तथा सम्बन्धित छौं भन्ने मेरो धारणाको पुष्टि भएको त्यस थाई युवकको घरमा केही क्षण बस्दा अनुभव भयो।

**रोज गार्डेनको चिरस्मरणीय भ्रमण**

थाइल्यान्डको स्मृतिलाई खोतल्दा रोज गार्डेनमा बितेको एक दिन पनि आँखाअगाडि आउँछ। बैङ्कदेखि बीस माइल दक्षिण पर्ने बाउन्न एकडको यो विशाल पुष्पवाटिकामा आधुनिक साधनहरूद्वारा प्राकृतिक सौन्दर्यलाई दोबर राम्रो तुल्याइएको रहेछ। यहाँको विशाल मानवनिर्मित खुला मण्डपमा प्रदर्शन गरिने विभिन्न झाँकीहरू जस्तै- तीन महिनाका लागि भिक्षु बनाइने विधि, विवाहको स्वयंवरक्रिया, लात हान्न हुने थाई बक्सिङ, तरबार युद्ध, साँढेको जुधाइ र कुखुराको लडाइँ आदिले पर्यटकहरूलाई आकर्षित तुल्याउने मात्र नभई वातावरणमा नै सजीवता प्रस्फुरण गर्ने रहेछ।

साँझतिर यसो डुल्दै हिँड्दा थाई राजदरबारअगाडि शाही मैदानमा रमाइलो चङ्गाउडाइमा होडबाजी, चाइना टाउननामक मार्गमा विविध असङ्गठित पसलहरू, मानिसहरूको यत्रतत्र अनियमित घुइँचो तथा जापानी मोटरसाइकलहरूको बेवास्तिलो रफ्तारलाई देख्दा आफ्नै देशमा घुमिरहेको जस्तो पनि मलाई लाग्यो।

**बैङ्कको रात्रिजीवन : आश्चर्यैआश्चर्य**

बैङ्कको रङ्गीन रात्रिजीवनको विषयमा जति चर्चा गरे पनि कम नै हुनेछ। पाटपोङ रोडको वरिपरि त जिब्रो नै काढ्नुपर्ने आश्चर्य रहेछ।

केही वर्षअघि मात्र भियतनाममा लगातारयुद्ध हुँदा त्यहाँका युद्धरत गोरो छालाका सैनिकहरूले आफ्नो यौन तृप्ति गर्ने मुख्य केन्द्र बैङ्कलाई बनाएका थिए भन्ने सुनेको थिएँ। युद्धरत सैनिकले यौनतृप्ति पाएमा जीवनरस पाउँछन् भन्ने मनोवैज्ञानिक सत्य हो।

गरिबीको बाध्यता एकातिर अनि गोरा जातिका सैनिकहरूबाट सजिलैसित द्रव्य झार्न सकिने सुवर्ण मौका अर्कोतिर। यसैले बैङ्कमा अविवाहिता मात्र होइन कि विवाहिता तथा बालबच्चा भएका युवतीहरूले समेत वेश्यावृत्तिलाई व्यवसायको रूपमा लिएको निश्चय नै मानिसले मानिसलाई नै खिज्याएको तथा गिज्याएको जस्तो लाग्यो।

(क्रमशः)

स्वास्थ्य

# किड्नी निरोधक झार



किडनी मानव शरीरको एउटा महत्वपूर्ण अंग हो। तर हाम्रो आफ्नै कारण र हाम्रो खानपानको अनियमितताका कारण किड्नी फेल हुने घटनाहरु हिजाआज सामान्य जस्तै बनेको छ। किड्नी फेल हुनु भनेको किड्नी खुम्चनु हो।

किड्नीमा रहेको नेफ्रोन्स भन्ने अंगले शरिरलाइ नचाहिने अनावश्यक फोहोर पिसाबका रुपमा बाहिर पठाउने गर्दछ।तर किड्नी खुम्चिएको अवस्थामा नेफ्रोन्स थिचिनाले यसले राम्ररी फोहोर छान्न सक्दैन। यसो हुँदा हाम्रो शरिरमा रहेको विषाक्त पदार्थ ऋचभबतष्लष्लभ र ग्चभब का रुपमा रगतका माध्यमबाट शरीरमा फैलन्छ। यसैलाई आधुनिक औषधि विज्ञानले किड्नी फेल भएको भन्दछ। र यस अवस्थामा किड्नी फेर्ने बाहेक अर्को बिकल्प यो विज्ञानसँग छैन।

काली गेडी परि गोलभेडा जंगली बिही वा काकमाची लगायत ठाउँ अनुसार नेपालीमा सम्बोधन हुने यो झार नेपालमा जताततै पाइन्छ। अंग्रेजीमा कमन लाइट सेड र वैज्ञानिक नाम सोलानुम अमेरिकानुम मिल भएको यो झारका ससाना दाना पाके पछि काला हुन्छन् र केटाकटीले यदाकदा खाने पनि गर्दछन्।यो वनस्पतीको पुरै बिरुवा उखलेर राम्ररी सफा गरि सफा ठाउँमा पिँध्ने र २० मिलिका दरले दिनको दुई पटक तीन महिनासम्म नियमित सेवन गर्नु राम्रो हुन्छ।

# मिश्री खाँदाका फाइदा

चिनीकै जमेको कण हो, मिश्री। त्यसैले मिश्रीलाई 'रक सुगर' पनि भनिन्छ। मिश्रीमा हाम्रो स्वास्थ्यमा आउने सानातिना समस्याको समाधान गर्न सक्ने गुण हुन्छ। यसको सेवन मन्दिरमा प्रसादको रुपमा पनि गरिन्छ। यसको अर्थ हो मिश्री अत्यन्त पवित्र खाद्यपदार्थ हो।

मिश्रीको सेवन खाली माउथ फ्रेसनरका लागि नभएर पाचन क्रिया सुधार्नका लागि पनि गर्न सकिन्छ। यसमा रहेको तत्व आन्द्राका लागि फाइदाजनक हुन्छ। यसको सेवन सुपनको बिजसँग गर्न सकिन्छ।

दैनिक खानापछि मिश्रीको थोरै मात्रामा सुप मिसाएर खाने गर्नुस। यसले पेटलाई चिसो राख्नेछ। मिलो डकार र मुखको दुर्गन्धलाई पनि तुरुन्तै हटाउनेछ।

घाँटीमा खसखस भयो वा खोकिले सतायो भने यसको समाधान गर्न सक्छ मिश्रीले। मिश्रीको सानो टुक्रा मुखमा राखौं।

यसबाट तुरुन्तै खोकीमा आराम मिल्नेछ। बच्चाहरुलाई पनि रुघा खोकी हुँदा मिश्री खुवाउन सकिन्छ। मिश्रीलाई पानीमा मिसाएर पिउँदा आराम मिल्छ। यसका अलावा मिश्रीमा मरिचको धुलो र घिउ मिलाएर पेस्ट बनाउनुपर्छ। राति सुत्नुअघि मनतातो पानीका साथ एक चांथाई चम्चा लिनुपर्छ। यसबाट तपाईंको खोकी ठिक हुन्छ।

तातो दुधमा केसर र मिश्री मिलाएर पिउँदा शरीरमा शक्ति तथा स्फुर्ति आउँछ। यसले शरीरमा हेमोग्लोबिनको मात्रा पनि बढाउँछ। यसबाट त्वचामा कान्ति आउँछ। यो दूधले यौन दुर्बलता कम गर्न पनि सहयोग गर्छ।

नौनी घ्यू र मिश्रीलाई बराबर मात्रामा मिलाएर लगाउँदा हात(गोडाको जलनबाट मुक्ति पाउन सकिन्छ। दुवै चिजले चिसो दिन्छन्। खानामा नौनीघ्यू र मिश्रीको मिश्रण पनि उपयोगी हुन्छ।

मुखको छाला कालो भयो भने मिश्रीलाई अलैंचीसँग मिलाएर पेस्ट बनाउनुस। यो पेस्ट लगाउँदा कालो छाला चाँडै नै हट्छ।

मिश्रीमा मिठास र चिसोपना दुवै गुण हुन्छन्। कडा गर्मीमा मिश्रीको उपयोग चिसो पेय बनाउनका लागि गरिन्छ। एक गिलास पानीमा मिश्री मिलाएर पिउँदा गर्मीबाट राहत मिल्छ र शरीरलाई तागत पनि प्राप्त हुन्छ।

**शीतलहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ, त्यसैले :**

१. न्यानो कपडाको चोहो समयमै गरौं।
२. शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं। घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो कपडा ओढ्ने गरौं। घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
४. शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं।
५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खानेकुराहरू खाने बानीको विकास गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ट्रम्पलाई टक्कर दिंदै डेमोक्रेटिक उम्मेदवार बुट्टिजज



विष्णु भट्टराई





अमेरिकामा राष्ट्रपतिको चुनावी सरगर्मी बढिरहेको छ । यसपटक पनि वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कार्यकाल दोहोऱ्याउने प्रक्षेपण गरिए पनि डेमोक्र्याट पार्टीले एक युवालाई मैदानमा उतारेर ट्रम्पलाई चुनौती दिने निश्चित देखिएको छ ।

अमेरिकामा अन्य पार्टीहरुले पनि राष्ट्रपतिमा उम्मेदवार उठाउँछन् । तर तिनको खासै चर्चा हुँदैन । अमेरिकामा विशेषतः रिपब्लिकन वा डेमोक्र्याटबाटै राष्ट्रपति बन्ने गरेको पाइन्छ । ट्रम्पले



चुनावी मैदानमा रिपब्लिकन पार्टीको प्रतिनिधित्व गर्दैछन् भने डेमोक्र्याटबाट पिट बुट्टिजजलाई अगाडि सार्ने प्रायः निश्चित देखिएको छ ।

सम्भावित डेमोक्रेटिक उम्मेदवारको सूची बनाउन थाल्दा अमेरिकी राजनीतिक पण्डितहरू पिट बुट्टिजजको नाम पनि अप्ठ्यारो गरी उच्चारण गर्थे। इन्डियानास्थित साउथवेन्ट सिटीका ३७ वर्षे मेयर सन् २०१९को जनवरी २३मा उम्मेदवारी घोषणा गर्दा कमैले मतलव गरेका थिए, जुन स्वाभाविकै थियो। अमेरिकामा सत्तामा नरहेको दलले प्रत्येक राज्यमा हुने प्राइमरी निर्वाचन जित्दै गएपछि पार्टीका तर्फबाट राष्ट्रपतिको टिकट हात लाग्ने हो। बहालवाला राष्ट्रपति पहिलो कार्यकालमा छन् भने सम्बन्धित दलले उनलाई दोस्रो कार्यकालका लागि स्वतः उम्मेदवार तय गर्छ। अरू कसैले उम्मेदवारी दिए पनि त्यसको खासै औचित्य रहँदैन।

२००८ मा अश्वेत उम्मेदवार श्वेतबहुल अमेरिकामा राष्ट्रपति हुनेमा धेरैले विश्वास गर्दैनथे, जति अहिले एक समलिंगीले ट्रम्पलाई हराउनेमा अविश्वास छ। पिटले आइवा ककस या न्यु ह्यामसर प्राइमरी जितेमा सन् २०२० को राष्ट्रपतीय चुनावमा उनले बाजी मार्ने सम्भावना बढ्नेछ र, ट्रम्पलाई हराए २०२१ को जनवरी १९ मा ३९औं जन्मोत्सव मनाएको भोलिपल्ट उनले राष्ट्रपतिको शपथ खानेछन्। अनि ४३ वर्षको उमेरमा कान्छो राष्ट्रपति भएको जोन एफ केनेडीको रेकर्ड पनि तोडिनेछ।

सिएनएनले गरेको वरीयता सूचीमा अग्रस्थानमा चाहिँ सिनेटर ह्यारिस थिइन्। श्याम वर्णकी महिला अरूभन्दा युवा भएका कारण ह्यारिस डेमोक्रेटिक मतदाताको पहिलो रोजाइमा पर्ने सिएनएनको आकलन थियो। २०१८मा महिला एवं अश्वेत वर्गमा देखिएको डेमोक्रेटिक लहरबाट संसद्को तल्लो सदनमा डेमोक्रेटले बहुमत ल्याएको हुँदा पहिलो रोजाइ कमला नै हुने सिनएनको प्रक्षेपण थियो। सुरुमा सीएनएनको प्रक्षेपण मिले पनि यथेष्ट चुनावी चन्दा उठाउन नसक्नुका साथै सर्भेक्षणमा अपेक्षित परिणाम नआएपछि ह्यारिस राष्ट्रपतीय होडबाट बाहिरिइन्। 'हाई प्रोफाइल' क्यास्ट्रो, जिलिब्रान्ड, इन्स्ली, हिकेनलुपर, ब्लाजियो, बुकर पनि अब दौडमा छैनन्। एक दर्जन उम्मेदवार दौडमा कायम भए पनि बाइडेन, स्यान्डर्स, वारेन र क्लोबुचारबाहेकको उपस्थिति औपचारिकतामा सीमित छ। तर 'हाई प्रोफाइल' उम्मेदवारलाई एकजना 'लो प्रोफाइल'ले भने नमीठो चक्मा दिएका छन् ।

यसरी उम्मेदवार तय गर्न पहिलो चुनाव आइवा राज्यमा हुन्छ- जुन पार्टीका सदस्यले मात्र मतदान गर्न पाउने ककस हो। प्रारम्भिक चुनावको पहिलो चरणमा आइवापछि न्यु ह्यामसर, नेभादा र साउथ क्यारोलिना पर्छन्। आइवा र नेभादा ककस एवं न्यु ह्यामसर र साउथ क्यारोलिनामा प्राइमरी निर्वाचन हुन्छ। प्राइमरी निर्वाचनमा स्वतन्त्र मतदाताले पनि भोट हालेर उम्मेदवार तय गर्न सक्छन्। यसपालि आइवा ककस फेब्रुअरी ३, न्यु ह्यामसर प्राइमरी फेब्रुअरी ११, नेभादा ककस फेब्रुअरी २२ र साउथ क्यारोलिना प्राइमरी निर्वाचन फ्रेब्रुअरी २९मा हुँदै छ। चारमध्ये कुनै न कुनै राज्यमा जित निकाल्न सके उम्मेदवारले बाँकी भागमा प्रचारको सामर्थ्यसहित चन्दा जुटाउन सक्छन्। एउटैमा जित्न नसक्दा थप दुःख नगरी बाहिरिएको घोषणा गर्ने गर्छन्।

पिटजस्तो नौलो उम्मेदवारले त सुरुवाती राज्यमा केही गर्न नसके अगाडि बढ्ने सम्भावना हुन्न। त्यसैले उम्मेदवारी घोषणासँगै पिट आइवामा केन्द्रित भए। सन् २०१९को पहिलो त्रैमासमा पाएको चन्दा घोषणा गर्दा अग्रस्थानमा सिनेटर स्यान्डर्स थिए। उनले एक करोड ८२ लाख डलर चन्दा पाएका थिए। सिनेटर ह्यारिस एक करोड २० लाख डलर उठाएर दोस्रो, ९४ लाख डलर उठाउने बेटो ओ-रर्क तेस्रो स्थानमा थिए।

पिट ७१ लाख डलर संकलन गरी चौथो स्थानमा रहेपछि धेरैको दिमागको घन्टी बजाइदियो। अमेरिकामा राजनीतिक सफलताको पहिलो खुड्किलो चुनावी चन्दा संकलन हो। एकजनाबाट एउटा त्रैमासमा २८ सय डलरभन्दा धेरै चन्दा लिन पाइँदैन। जतिसक्दो धेरै दातालाई आफ्ना मुद्दामा सहमत नगराई धेरै चन्दा उठ्दैन। दोस्रो त्रैमासमा पिट सबै प्रतिस्पर्धीलाई उछिन्दै पहिलो स्थानमा उक्लिए। उनले दुई लाख ९४ हजार दाताबाट दुई करोड ४८ लाख डलर उठाएका थिए। दोस्रोमा सिनेटर स्यान्डर्सले दुई करोड ४० लाख, तेस्रो स्थानका पूर्वउपराष्ट्रपति बाइडेनले दुई करोड १५ लाख एवं सिनेटर वारेनले एक करोड ९० लाख चन्दा उठाएका थिए।

तेस्रो त्रैमासमा केही खस्किन पुगेका पिट वर्षको अन्तिम त्रैमासिकमा दोस्रो स्थानमा देखिन्छन्। यो त्रैमासिकमा तीन करोड ४५ लाखसहित स्यान्डर्स नै अग्रस्थानमा रहे भने दोस्रो स्थानका पिटले दुई करोड ४७ लाख डलर संकलन गरे। स्यान्डर्स समाजवादी नेताका रूपमा चिनिन्छन्। पिट आफूलाई मध्यमार्गी पुँजीवादी भन्छन्। धनाढ्यमाथि थप कर लगाएर विपन्नको हितमा राज्यले खर्च गर्नुपर्ने पक्षमा उनी छन्। स्यान्डर्स कलेज पढ्न लिएको ऋण मिनाहा गर्ने पक्षमा छन्।

पिट ऋण मिनाहा गर्नुको साटो विपन्नलाई राहत दिने योजनामा छन्। स्यान्डर्स सबैलाई निजी स्वास्थ्य बिमाको साटो सरकारी बिमा लागू गर्ने पक्षमा छन् भने पिट इच्छुकले निजी या सरकारी बिमा रोजेर लिन सक्ने पक्षमा। मुद्दाकै कारण भर्खर कलेज जाने उमेरका युवा स्यान्डर्सको पछि छन् भने तुलनात्मक रूपमा परिपक्व हिस्सा पिटसँग। र, यी 'हजुरबा-नाति' आइवामा आमनेसामने हुने सम्भावना बढ्दै गएको छ। सर्वेक्षणअनुसार त्यहा" चारपक्षीय प्रतिस्पर्धा छ। आइवा विश्वविद्यालयको सर्भेअनुसार पिटको समर्थन २४ प्रतिशत छ, दोस्रो स्थानमा २१ प्रतिशत मतसहित स्यान्डर्स छन्। सिएनएनको सर्भेमा भने स्यान्डर्सले २० प्रतिशत समर्थन पाउँदा वारेन, पिट र बाइडेनको समर्थन क्रमशः १७, १६ र १५ प्रतिशत छ। आइवामा यी चारसहित सिनेटर क्लोबुचार र व्यवसायी टोम स्टेयर सहभागी डेमोक्रेटिक पार्टीको आन्तरिक चुनावी बहस भइसकेको छ।

आइवा ककसको एक सातामै प्राइमरी चुनाव हुने न्यु ह्यामसरमा पनि चारपक्षीय नै प्रतिस्पर्धाको सम्भावना छ। मनमाउथ विश्वविद्यालयको सर्भेअनुसार उक्त राज्यमा २० प्रतिशतसहित पिट पहिलो स्थानमा छन्। एमर्सन सर्भेले २३ प्रतिशत मतसहित स्यान्डर्सलाई पहिलो देखाउ"छ, दोस्रो स्थानका पिटको पक्षमा १८ प्रतिशत। बाइडेन र वारेनले समान १४ प्रतिशत मत पाएका छन्।

आइवा ककस जित्नेको न्यु ह्यामसरमा पल्लाभारी हुने आकलन गरिएकाले आइवा जित्न स्यान्डर्स, पिट र वारेनले जोड लगाएका छन्। नेभाडा र साउथ क्यारोलिनामा बाइडेन सहज अवस्थामा छन्। पिट, स्यान्डर्स र वारेनमध्ये सुरुका दुई राज्यमा एउटै जित्न नसक्नेको चुनावी अभियान लगभग त्यही सकिनेछ। हावर्ड र अक्सफोर्ड विश्वविद्यालयका ग्र्याजुएट पिटले सन् २००७मा ओबामाको राष्ट्रपतीय क्याम्पेनमा स्वयंसेवा गरेका थिए। सन् २००९मा अमेरिकी सेनाको रिजर्भ अफिसरमा भर्ना भएका उनी सन् २०११मा २९ वर्षको उमेरमा ८० प्रतिशत मतसहित साउथबेन्टको मेयर निर्वाचित भए। मेयरका रूपमा पहिलो कार्यकालमै उनलाई सेनाबाट बोलावट आएपछि सन् २०१४मा अफगानिस्थानको युद्धमैदानमा खटिए। २०१५मा दोस्रो कार्यकालका लागि मेयरको निर्वाचन जिते। यही जनवरीबाट उनको दोस्रो कार्यकाल पूरा भएको छ।

पिटले आइवा ककस जित्ने सम्भावना प्रबल बताउनेको संख्या बढ्दो छ। मध्यपश्चिम अमेरिकी राज्यको नवयुवा भएका कारण अश्वेत समुदायमाझ उनी पर्याप्त लोकप्रिय बन्न सकेका छैनन्। यसका लागि आइवा या न्यु ह्यामसर जित्नैपर्ने विश्लेषण गरिएको छ। डेमोक्रेटिक पार्टीको मुख्य आधार अश्वेत मतदाताले जित्ने सम्भावितलाई प्राथमिकता दिएको ट्रेन्ड छ। संयोगले सुरुवाती चुनाव हुने दुई राज्यमा ९० प्रतिशत बाहुल्य श्वेत मतदाताको छ। यस्तैमा उनलाई हालै आइवाका तीनमध्ये एक तल्लो सदनमा सात कार्यकालदेखि डेमोक्रेट सांसद लेभ लोयबस्कले समर्थन गरेका छन्। यस्तै, न्यु ह्यामसरकी चार कार्यकालदेखि तल्लो सदन सदस्य एन कस्टरले पिटको पक्षमा उभिएकी छिन्।

ट्रम्पले ध्रुवीकृत गरेको अमेरिकालाई फेरि एक ढिक्का बनाएर कामकाजी वर्गमा आत्मसम्मान फर्काउने दाबी पिटको छ। ट्रम्पराजमा धनाढ्यलाई दिइएको करछुटका कारण अर्थतन्त्र र सेयर बजार उकालो लागे पनि गरिखाने वर्गको जीवन बदलिन नसकेको भन्दै आप्रवासी र अल्पसंख्यकलाई न्यायको तराजुमा समान बनाउने सपना उनले देखाएका छन्। पिटलाई समलिंगी भएका कारण चुनाव नजित्ने तथा नयाँ एवं विदेशनीतिमा अनुभवहीन रहेको आरोप लगाउने गरिए पनि इन्डियानाजस्तो 'कन्जरभेटिभ' राज्यमा समलिंगीको पहिचान खुलाउँदासमेत अत्यधिक भोट पाएर मेयर जिताएको प्रमाण पेस गरिएको छ। वासिंग्टनमा बसेर विदेशनीति सञ्चालन नगरे पनि युद्ध अनुभवका कारण बाह्य मुद्दामा नौलो नरहेको उनको दाबी छ।

# प्राकृतिक सौन्दैर्यताले अनुपम क्षेत्र ताराकोट













सुदुरपश्चिम प्रदेश दार्चुला जिल्ला नौगाड गाउँपालिका वार्ड ३ मा अवस्थित छ । ताराकोट रमणीय ठाउँ डाडा र चारगाउँको शिरले परिचीत छ । किम्बदन्ती अनुसार तारा भनेको राजा को नाम र कोट भनेको ठाउँ, तारा राजाले शासन गरेको हुँदा ताराकोट नाम रहन गएको भनाइ छ ।

शत्रु आइलागे प्रतिकार गर्न सजिलो होस् भनेर यो ठाउँमा बसेका हुन । यस क्षेत्रभित्र मन्दिर, मैदान, चरन क्षेत्र, जङ्गल, जनावर, पशुपक्षी, बोट बिरुवा, कुवा, नाला, खरको घर खर्क आदि देख्न सकिन्छ । उत्तरतिर मोतिझैँ झल्कने हिम श्रृङ्खला सिद्धको टोपी दक्षिण तिर मिलेर रहेका डाडा काडा पहाड बैतडी डडेल्धुरा आदि क्षेत्र नौगाड गापाको नमुना ठाउँ सिप्टी गाउँ देख्न सकिन्छ ।

पूर्वमा अपिहिमाल गापा क्षेत्र र पश्चिममा भारतको धार चुला क्षेत्र अनि नौगाड गापाको रमणीय ठाउँ छिपुलथान सुन्डमुन्ड पारिमेला दल्लेख भुजान डाडा खार देख्न सकिन्छ ।

यस ताराकोट क्षेत्रबाट नौगाड गाउँपालिकाभित्र रहेका छ वटै वार्ड केही केही स्थान देखिन्छ र नौगाड गाउँपालिकाको कार्यालय पनि अवलोकन गर्न सकिन्छ । यो पर्यटकीय क्षेत्र दार्चुला जिल्लाकै बीच भागमा पर्छ । दार्चुला जिल्लाको नक्सा हेर्दा प्रस्ट बीचमा रहेको देखिन्छ ।

अपिनाम्पा संरक्षण क्षेत्रभित्र परे पनि कुनै पहल संरक्षण हुन सकेको छैन । ताराकोट क्षेत्रभित्र भवानीको मन्दिर पनि रहेको छ । यो मन्दिरमा पूजापाठ गर्नेहरु निरन्तर आइरहन्छन् । जनविश्वासअनुसार यहाँ पूजाआजा गर्दा मनका इच्छा पूरा हुने काम सफल बन्ने सही बाटोमा डोऱ्याउने जनआस्था छ ।

यस क्षेत्रमा पानी संकलन हुने कुवा नाला सयौं वर्षदेखि पानी जम्मा हुँदै आएका ठाउँ (खाली) चरी चरन क्षेत्र मैदान फाँटहरु चारैतिर खुला ठाउँ रहेको छ । गाई गोरु राख्ने खरको घर खर्क रहेको छ ।

यस ताराकोट अन्तर्गत भैंसीचर, खर्क, ठिडकेसैन, झउर, मल्लो डाँडा रमणीय ठाउँ मानिन्छन् ।

यस ताराकोटको दायाँतिर श्री सुशील सामुदायिक वन रहेको छ । यसभित्र पक्षी कालिज, भ्याकुरा, ढुकुर, काग, कोइली सुगा, लाटोकोसेरा, न्याउली आदि हुन्छन् । जनावरहरु घोरल, रतुवा, पाटेबाघ, दुम्सी, बदेल, स्याल, मालसाप्रो, न्याउरमुसा बादर आदि पाइन्छन् । बोटविरुवाहरु लालीगुँरास, ओखर, दालचिनी, दल्लो, तुसारो चिलाउने, उतिस, लेककाउली, पाँगर, टिमुर आदि जडिबुटी चिराइतो भिडेती खिरौला दालचिनी बनहल्दी आदि फलफुल हरु ऐसेलु, तिलमडा, बन अङ्गुर, बनकेरा (गोफाला), मेल ओखर आदि यस ताराकोटलाई चार गाउँको शिर टोपी रुपमा चिनिन्छ । गाउँहरु बिलासौ, जामिर, लामाडेरा, घोरकट्या रहेका छन् ।

यो ताराकोट क्षेत्र प्रचारप्रसार सूचनाको कमिले गति लिन सकेको छैन । यो रमणीय ठाउँमा जति बस्यो तेती नै रमाइलो हुन्छ । सुन्दर तस्बिर सुटिङ गर्न असाध्यै राम्रो छ । यहाँ पुगेपछि दुख कस्ट सबै भुलिन्छ । गोरु बाख्रा भेडा चराउदै मिठा मिठा गित ठाडी भाका गीत गाइरहन्छ । बाँसुरीको आवाज सुनेर मन आफै उदासिने भइरहन्छ संचार सुबिधा १५-२० बटा एफएम हरु यस क्षेत्रबाट बजाउन सकिन्छ । नेपाल टेलिकम नेटवर्क र एनसिएलको नेटवर्क संगै अन्य सेवा सजिलोसँग लिन सकिन्छ ।

हामी सबै मिलेर पुराना सम्पदा संरक्षण र बजारीकरण गरी पर्यटकहरु भित्र्याउनु पर्छ । देशको आर्थिक वृद्धि गर्न र मुहार फेर्नको लागि पर्यटकीय क्षेत्र घोषणा गरी आवश्यकता अनुसार कदम चाल्नु सबैको नैतिकता हो ।

प्रेरक

## विचार र दूरदर्शिता



युद्धको समय थियो, फ्रान्सका सम्राट् नेपोलियन पालमा मस्त सुतिरहेका थिए । यो आधा रातको समय थियो । त्यति नै वेला अचानक अंगरक्षकले उठाउँदै भने, 'महाराज, सेनापति तपाईंसँग तत्काल भेट गर्न चाहन्छन् ।' नेपोलियनले कोल्टे फेर्दै भने, 'किन भनेर सोध ।' 'दक्षिणतिरबाट शत्रुको सेनाले हमला गरिसक्यो । सेनापति अब के गर्ने भन्ने थाहा पाउन चाहन्छन्,' अंगरक्षकले भने ।

नेपोलियन यो ठूलो खबर सुनेर अलिकति पनि विचलित भएनन् । उनले सेनापतिलाई नबोलाई अंगरक्षकलाई भने, 'कुनाको बक्सामा चौंतीस नम्बरको एउटा नक्सा राखिएको छ । त्यो सेनापतिलाई देऊ र उनलाई युद्धको अवस्थाबारे बिहान आएर खबर गर्न भन ।' त्यो नक्सामा दक्षिणतिरका सेनाले आक्रमण गरे भने जवाफी कारबाही कसरी गर्ने भन्ने देखाइएको थियो । त्यहीअनुसारको युद्ध भयो र नेपोलियनको सेना विजयी भयो ।

भोलिपल्ट सेनापतिले जितको सूचना दिँदै सोधे, 'यति छिटै कसरी योजना बनाउनुभयो ? के कुनै देवताले तपाईंको मद्दत गरे ?' नेपोलियनले जवाफ दिए, 'हो, विचार र दूरदर्शिता नामक दुई देवता सधैं मेरा साथ रहन्छन् । उनैले भविष्यको सम्भावनाप्रति मानिसले पहिलादेखि नै जागृत र सावधान हुनुपर्छ भन्ने सिकाए ।'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। छर-छिमेकमा असमझदारी बढ्न सक्छ। उधारोमा व्यापार गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने समय छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। स्वाभिमानका लागि लाभांश छोड्नुपर्ने अवस्था आउन सक्छ। खर्चिलो काम गर्नुपर्ने हुँदा धेरै रकम जुटाउनुपर्ला। खर्च लागे पनि लामो यात्रा गर्ने अवसर जुट्नेछ।

### बृष

आम्दानीका विभिन्न स्रोत देखिए पनि सोचेको फाइदा नहुन सक्छ। लगानीतर्फ लागत बढ्नेछ। कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। आफ्नो लाभांशमाथि अरूले दाबी-विरोध गर्न सक्छन्। ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। तापनि पछिका लागि गरिएको लगानीले अवश्यै फाइदा दिनेछ।

### मिथुन

मिहिनेत गर्दा कार्यसिद्धिको समय छ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक नेतृत्व हातलागी हुनेछ। व्यापारमा पनि राम्रै फाइदा हुनेछ। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। विशिष्ट व्यक्तिको सहयोग जुट्नाले महत्त्वाकांक्षी काम बन्नेछ। काम गरेर दाम कमाउने अवसर प्राप्त हुनेछ, कर्तव्यपरायण रहनुहोला ।

### कर्कट

मिहिनेत परे पनि भाग्यले साथ दिने हुँदा काममा सफलता मिल्नेछ। टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ। सामाजिक काममा रुचि बढ्नेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ। धार्मिक अनुष्ठान र सेवामूलक काममा मन रमाउनेछ। अरूको उक्साहटमा लाग्दा केही चुनौती भने आउन सक्छन्।

### सिंह

पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। गोपनीयता बाहिरिनाले पनि समस्या आइपर्ने देखिन्छ। खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ। आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन्। काम बिग्रने भयले सताउन सक्छ। तत्काल लाभ उठाउन नसकिए पनि पछिका लागि काम गर्न सकिनेछ। उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।

### कन्या

परिवारजनको साथले काममा उत्साह जाग्नेछ। विभिन्न सहयोग र उपहार पाइनेछ। सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन्। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। कामको चाप र थकाइबाट मुक्त रही विश्राम पाइनेछ। व्यापार बढ्नाले आम्दानी पनि राम्रै हुनेछ। रमाइलो यात्रा हुनुका साथै अतिथिका रूपमा सम्मान पाइने समय छ।

### तुला

मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। स्वास्थ्य सबल रहनेछ भने शत्रुहरू परास्त हुनेछन्। व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ। महत्वकांक्षी कार्य शुभारम्भ गर्ने समय छ ।

### वृश्चिक

शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। प्रतिष्ठित काम गर्ने मौका छ। चिताएका काम बिस्तारै भए पनि सम्पादन हुनेछन्। पढाइलेखाइमा राम्रो प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। आफ्नो प्रतिभाको कदर हुनेछ। बौद्धिक प्रतिस्पर्धामा पनि अरूलाई उछिन्न सकिनेछ। तर अरूको उक्साहटमा व्यर्थैमा दुस्ख पाइने समय छ।

### धनु

परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ। अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति प्रतिकूल रहनेछ। नजिकको साइनो गाँस्नेहरूले झुक्याउन सक्छन्। तापनि प्रयत्न गर्दा घरमा लक्ष्मी भित्र्याउन सकिनेछ। हिस्सेदारसँगको असमझदारी पनि टुंग्याउने समय छ।

### मकर

चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला। व्यापारमा मनग्गे धनलाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ।

### कुम्भ

दिन रमाइलो र उत्साहपूर्ण रहनेछ। प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ भने विभिन्न भौतिक साधन जुटाउने अवसर मिल्नेछ। मनग्य धन लाभ हुनाले सोख पूरा गर्न सकिनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। मानसम्मान प्राप्त हुनुका साथै सम्मानित कामको यश लिने अवसर छ।

### मीन

सुन्दर पहिरनले व्यक्तित्व निखारिनेछ। साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ। रमाइलो जमघट एवं खानपानको आनन्द प्राप्त हुनेछ। मिहिनेतले काम बन्नेछ र नयाँ काम सुरु हुनेछ। कीर्तिमानी कामको यश लिने मौका छ। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ। व्यापारमा राम्रो फाइदा हुनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Buxom = मोटोघाटो र स्वस्थ (विशेष गरी महिला वा वच्चा) Models are mostly slender not buxom (मोडेल गर्ने महिलाहरू मोटीघाटी भन्दा पनि प्रायः दुब्ला पातला हुन्छन)

Coda = संगित वा साहित्यक रचनाको अंतिम सार वा सकिने बेलाको प्रस्तुति I like the coda of this very music because it is very distinctive (मलाई यो संगितको अन्तिम अंश ज्यादै मनपर्दछ किनकि यो आफ्नै किसिमको छ)

Diatribe = नमिठो गाली । तिखो आलोचना It is his quality to remain calm even during the diatribe of the opposition members (विपक्षी सांसदहरूको तिखो आलोचना र नमिठो गाली सुनेर पनि शान्त रहन सक्नु उस्को गुण हो )

Endemic = कुनै विशेष ठाउ वा समूहमा रहेको । प्रकोप AIDS is endemic especially in Sub-Sahara region of Africa and South Asia (एड्सको विशेष गरी अफ्रिकाको सवसाहरा क्षेत्र र दक्षिण एसियामा प्रकोप रहेकोछ )

Flial = पिटेर झार्नु वा चुटनु People flial paddy even to these days in the Nepalese villages (नेपालको गाउ घरमा अझैपनि मानिसहरू हातैले धान चुट्ने काम गर्दछन)

Gyroscope = सन्तुलन कायम गर्ने यन्त्र Gyroscope is used to counteracting the rolling movement of the sea ( समुन्द्रको बेहरी । लहरबाट हुने असन्तुलनबाट जहाजलाई सन्तुलित राख्न जिरोस्कोपको प्रयोग गरिन्छ)

Hypochondriac = आफ्नो स्वास्थ्यको वारेमा अनावश्यक चिन्ता लिने मानिस He is a hypochondriac and thus not liked by his family members ( आफ्नो स्वास्थ्यको वारेमा अनावश्यक चिन्ता लिने मानिस भएको हुंदा उसलाई आफ्नै परिवारका सदस्यहरूले पनि मनपराउदैनन् )

Imperturbable = शान्त, छिट्टै जोशमा नआउने, धैर्यवान An imperturbable leader always has full command of the situation (एक धैर्यवान नेताले परिस्थितिलाई सधै आफ्नो नियन्त्रणमा राखेको हुन्छ)

Jibe = अमिल्दो Ram says that Shyam danced very well last night but Shyam says it was not him rather Ram who danced very well. The sayings of these two do not jibe (राम भन्छ श्यामले हिजो वेलुकि धेरै राम्रो नाच्यो भनेर तर श्यामचाहि आफूले होइन रामले पो राम्रो नाच्यो भन्छ । यी दुईको कथन एक अर्कासंग अमिल्दो छ)

Kudos = सम्मान, प्रशंसा । श्रेय She does most of the work but kudos goes to his husband (काम जति सबै तिनी गर्दछिन तर श्रेय र सम्मान भने सधै उन्को पतिले पाउछन्)

## Give बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Give something for something = अनेक गर्नु He gave a lot for the chance to study in Harvard University हार्वड विश्व विद्यालय पढने मौकाको लागि उस्ले अनेक गर्‍यो ।

Give something forth = निकाल्नु This engine gives a strange noise forth यो इन्जिनले अनौठो आवाज निकाल्छ ।

Give something in = हस्तान्तरण गर्नु Give the letter in when you finished reading पढि सकेपछि पत्र हस्तान्तरण गर ।

Give in = आत्मसमर्पण गर्नु After three days of resistence the rebels finally gave in तिन दिनको मुकाविला पछि अन्त्यमा विद्रोहीहरुले आत्मसमर्पण गरे ।

Give something off = उत्सर्जन गर्नु । फाल्नु This heater does not give much heat off यो हिटरले त्यति धेरै ताते उत्सर्जन गर्दैन (फाल्दैन) ।

Give on to something = फर्किनु The window of my bedroon does not give on to main road मेरो सुत्नेको कोठाको झ्याल मुख्य सडक तिर फर्केको छैन ।

Give out = सिध्दिनु । टुटनु He is never angry because his patience never gives out उ कहिल्यै रिसाउदैन किनकी उस्को धैर्य कहिल्यै टुटदैन ।

Give something out = वितरण गर्नु Before giving the bags out to the school children, he made a small remarks विद्यालयका वालवालिकाहरुलाई झोला वाढ्नु अघि उस्ले छोटो मन्तव्य राख्यो ।

Give something out = प्रशारण गर्नु The news of President's death was given out in a radio broadcast राष्ट्पतिको मृत्युको खवर रेडियोबाट प्रशारण भएको थियो ।

Give over = छोड दिनु If he can't pay, give over ! यति उस्ले तिर्न सक्तैन भने छोडिदेउ !

### सुडोकु-अंक १८५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ८ | | | ३ | | |
| | ७ | | | | | | | ८ |
| ८ | | | | | | २ | ४ | १ |
| | | | ९ | | ६ | | ८ | |
| | १ | | ७ | | ८ | | ५ | |
| | ९ | | २ | | १ | | | |
| १ | ८ | ४ | | | | | | ५ |
| ७ | | | | | | | ९ | |
| | | २ | | | ५ | | | |

### अंक १८४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ४ | ६ | ३ | २ | ८ | ७ | १ | ९ |
| ८ | ७ | २ | ५ | ९ | १ | ३ | ४ | ६ |
| ९ | ३ | १ | ४ | ६ | ७ | ५ | २ | ८ |
| ७ | २ | ८ | ९ | १ | ५ | ४ | ६ | ३ |
| ६ | ५ | ४ | ७ | ३ | २ | ९ | ८ | १ |
| ३ | १ | ९ | ८ | ४ | ६ | २ | ५ | ७ |
| ४ | ९ | ५ | ६ | ८ | ३ | १ | ७ | २ |
| १ | ८ | ७ | २ | ५ | ९ | ६ | ३ | ४ |
| २ | ६ | ३ | १ | ७ | ४ | ८ | ९ | ५ |

## समाचार संक्षेप

### प्रहरी आईजीपी खनालद्वारा नगरपालिकालाई प्रशंसापत्र



बर्दिया । समुदाय-प्रहरी साझदारी कार्यक्रमअन्तर्गत प्रहरी प्रधान कार्यालय नक्सालबाट प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालद्वारा प्रदान गरिएको प्रशंसापत्र मंगलबार आयोजित एक कार्यक्रबीच बाँसगढी नगरपालिकालाई प्रदान गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रमुख प्रहरी उपरीक्षक राजेशनाथ बास्तोलाले उक्त प्रशंसापत्र सो नगरपालिकालाई प्रदान गर्नुभएको हो । 'समुदाय-प्रहरी साझेदारी' कार्यक्रमको कार्यान्वयनमा उल्लेखनीय योगदान पुर्‍याएबापत उक्त नगरपालिकालाई प्रशंसापत्र प्रदान गरिएको हो ।

कार्यक्रममा बाँसगढी नगरपालिका प्रमुख तथा बाँसगढी नगरपालिका 'समुदाय-प्रहरी साझेदारी' समिति संयोजक शालिकराम अधिकारी, सोही नगरपालिकाका उपप्रमुख सुष्मा चौधरी, बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछाने, प्रमुख प्रशासकिय अधिकृत अम्मरराज खत्री, बाँसगढी नगरपालिकाका सम्पूर्ण वडा अध्यक्षहरु, जनप्रतिनिधिहरु, समाजसेवी, भद्रभलादमी, नागरिक समाजका प्रतिनिधिहरु, स्थानीय संचारकर्मी लगायत स्थानीय नागरिकहरु उपस्थिति रहेको थियो ।

### अवैध लागूऔषध सहित पक्राउ

काठमाडौं । दाङ, तुलसीपुर उपमहानगरपालिका १२ सितलपुरबाट रुकुम मुसिकोट नगरपालिका २ रातामाटा बस्ने २१ वर्षीय अनिल पुनमगर समेत ३ जनालाई करिब २ किलो ५ सय ग्राम लागूऔषध चरेश सहित सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । शंकास्पदरूपमा हिँडिरहेका उनीहरुलाई जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले तलासी गर्दा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

रुपन्देही, बुटवल उपमहानगरपालिका ११ मझुवा बस्ने ४२ वर्षीय राम भगत गुप्तालाई करिब ६ किलो लागूऔषध गाँजा सहित सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । प्रहरी बिट बसपार्क र वडा प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले गुप्ताको घर तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका १० बसपार्कबाट करिब २१ किलो लागूऔषध गाँजा सहित सुनसरी ईटहरी नगरपालिका १५ बस्ने १८ वर्षीय सागर पाण्डे र धादिङ रोराङ नगरपालिका १ बस्ने सोनम तामाङलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले काठमाडौंबाट काँकडभिट्टातर्फ जाँदै गरेको ना.५ ख ४९० नम्बरको बसलाई जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### जुवाडे पक्राउ

काठमाडौ । काठमाडौं, गोकर्णेश्वर नगरपालिका ५ जोरपाटीस्थित छिरिङ शेर्पाको जस्ताको टहरामा तास खेलिरहेका तिब्बत घर भई हाल बौद्ध बस्ने ३७ वर्षीय नवाङ कुन्साङ समेत १० जनालाई नगद २ लाख ८१ हजार रुपैयाँ र ६ बुक तास सहित सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

### दुर्घटनामा ४ जनाको मृत्यु

काठमाडौं । बैतडी, नुवाकोट, मोरङ र नवलपरासी (पश्चिम) मा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ४ जनाको मृत्यु भएको छ ।

बैतडी, पाटन नगरपालिका १ सकारस्थित सडकमा म.१ त १७२ नम्बरको ट्याक्टरमा सवार सोही ठाउँ बस्ने बर्ष ३५ वर्षीय नरेन्द्रराज भट्टराईको उक्त ट्याक्टरबाट खसेर सोमबार साँझ घट्नास्थलमै मृत्यु भएको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

नुवाकोट, बेलकोटगढी नगरपालिका ७ बुद्धसिंङघाटस्थित सडकमा बा.६३ प १८२६ नम्बरको मोटरसाइकल सोमबार साँझ अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार धादिङ ज्वालामुखी गाउँपालिका ७ चैनपुर बस्ने ३२ वर्षीया आरती श्रेष्ठको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी आरतीको बाँसबारी न्यूरो अस्पताल काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक धादिङ ज्वालामुखी गाउँपालिका(७ चैनपुर बस्ने तिलक श्रेष्ठको अन्नपूर्ण न्युरो अस्पताल माईतीघरमा उपचार भइरहेको छ ।

मोरङ, सुन्दरहरैचा नगरपालिका ४ गछियास्थित सडकमा को.३१ प ८८३ नम्बरको मोटरसाइकल सोमबार राति अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक सुनसरी ईटहरी उपमहानगरपालिका ४ बस्ने २६ वर्षीय धिरेन्द्र खत्रीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका खत्रीको बिराट नर्सिङ होम बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

नवलपरासी (पश्चिम), बर्दघाट नगरपालिका १६ कुकुरमारास्थित सडकमा लु.१८ प ३०८६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही ठाउँ पृथ्वीबस्ती बस्ने २४ वर्षीय विशाल विकको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुर चितवनमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### बैकिङ कसुर मुद्दाका कसुरदार पक्राउ

काठमाडौं । बैकिङ कसुर मुद्दाका कसुरदार काठमाडौं तारकेश्वर नगरपालिका १ घर भएका काठमाडौं महानगरपालिका २६ बस्ने ५४ वर्षीय राजेन्द्र बुढाथोकोलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

उच्च अदालत पाटनको २०७६ असोज २८ गतेको फैसलाले बैकिङ कसुर मुद्दामा १५ दिन कैद र ५ लाख रुपैयाँ जरिवाना ठहर भई उक्त सजाय बेरुजु रहेका उनलाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले लुकिछिपी बसेको अवस्थामा गोलढुङ्गा काठमाडौंबाट पक्राउ गरेको हो ।

बुढाथोकीले व्यवसायको लागि रकम आवश्यक पर्यो् भनी एक व्यक्तिबाट ५ लाख रुपैयाँ लगेकोमा उक्त रकम माग्दा नदिई आलटल गरी बैंक अफ काठमाडौंको आफ्नो खाताबाट भुक्तानी लिनु भनी चेक दिएकोमा उक्त चेक सटही भएको थिएन ।


बुढाथोकीलाई मंगलबार जिल्ला अदालत काठमाडौंमा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि केन्द्रीय कारागार सुन्धारा चलान गरिएको केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजले जनाएको छ ।

# सबै भारतीयहरु गुलाम प्रवृत्तिका हुँदा रहेनछन्

अंग्रेजहरुले २०० वर्षभन्दा बढीसम्म गुलाम बनाएकै कारण हरेक भारतीयको रगतमा दास प्रवृत्ति रहेको पाइन्छ। यसै कारण भारतीय नोकरशाह, राजनीतिक दलहरु र यसका नेताहरु जुनसुकै विचाधाराका भए तापनि उनीहरुको विचार, व्यवहार र क्रियाकलापमा गुलाम प्रवृत्ति झल्किहाल्छ। भारतलाई अंग्रेजले सन् १९४६ मा दासताबाट मुक्त गरेको आधा शताब्दिभन्दा बढी भइसकेको छ तैपनि के पुराना के नयाँ पुस्ता यी भारतीयहरुको रगतमा दासताको लेप अझै हट्न सकेको छैन।

विशाल नेपालको टिस्टा कुमाउ, गढवाल र काँगडा क्षेत्रलाई अझै उपनिवेश बनाइ राख्ने, यही मेची कालीबीचको वर्तमान नेपालको लिम्पियाधुरादेखि सन्दकपुरसम्म गरी ७१ भन्दा बढी ठाउँमा नेपाली सीमा मिच्ने, अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गर्दै सीमा क्षेत्रमा सडक र बाँध निर्माण गरी नेपाली भूमिलाई जलमग्न गर्ने, भारत भएर नेपाल फर्कने नेपालीहरुलाई भारतीय सीमा सुरक्षा बलले दिनदहाडै लुट्ने, नेपाली क्षेत्रभित्र प्रवेश गरी नेपाली नागरिकको हत्या गर्नेसम्मका हर्कतहरु गुलाम भारतीयहरुले गर्दै आएका छन्। यी भारतीय गुलामहरुले नेपाली राजनीतिक दलभित्र छिरी त्यहाँ आफ्ना तलबी एजेन्ट राखी आफ्नो स्वार्थरक्षा खातिर कार्य गर्न लगाउने भएकै कारण नेपालमा आजसम्म भएका कुनै पनि सरकारहरुले भारतीय गुलामहरुको यस्तो हर्कतको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विरोध गर्न सकेका छैनन्। यही कारण नेपाल एक स्वतन्त्र देश हो कि भारतको प्रशासनिक इकाइ हो, त्यो छुट्याउन हम्मे परिरहेको छ।

यही स्थितिमा गत हप्ता एक नयाँ भारतीय पत्रिका **The Vajra** मा सुजिव शाक्य नामक एक व्यक्तिले तलको शीर्षकमा नेपालसम्बन्धी एक आलेख प्रकाशित गरेको रहेछ। कागको बीचमा बकुल्ला भनेजस्तै एक अरबभन्दा बढी जनसंख्या भएको भारतीय गुलामहरुको बथानमा सुजिव जस्ता एक दासत्व चिन्तन नभएका मानिस पनि हुँदा रहेछन् भन्ने कुरा यस पत्रिकाको सम्पादकको रुपमा मलाई पनि खट्केको हो। त्यसैले शाक्यको लेखलाई जस्ताको तस्तै छापिएको हो। यदि शाक्यको जस्तै सोच सबै भारतीय जनता र नेतामा हुने हो भने एकातर्फ भारत साँच्चैको महान देश र यस दक्षिण एसियाली क्षेत्र विश्वको सबैभन्दा विकसित स्थल हुने थियो होला। तर बिडम्वना भारतीय गुलाम र भौगोलिक विस्तारवादी प्रवृत्तिको कारण यो क्षेत्र विश्वकै दरिद्र र कंगाल बन्न गएको छ।



# There is a new Nepal. India hasn't kept up

Nepalis have moved beyond India in their engagement with the world. It's time to recalibrate the relationship

A new geopolitical dynamic is taking shape in South Asia, and Nepal is at the centre of it. China, with its aggressive Belt and Road Initiative, is expanding its engagement in the region, as seen in Bangladesh, Sri Lanka, and Maldives. Nepal is no exception. The visit of President Xi Jinping to Kathmandu in October was symbolic of the new recalibration of relationship. With a new trade and treaty signed with China, Nepal does not remain India-locked anymore.

But China isn't the only player in town. The engagement of the United States (US) began in Nepal through aid in the 1950s. A Millennium Challenge Corporation grant of $500 million agreed upon few years ago is now in subject of political controversy, as a segment of Nepali political opinion is seeing it in tandem with the Indo-Pacific strategy.

India, of course, remains a key partner. While the uniqueness of the relationship stemming from historical, cultural and religious factors remains intact, a key trend, which has gone relatively unnoticed in Delhi, is that Nepalis have moved beyond India in their engagement with the world.

Nepalis who have worked in British Army now get British citizenship. There are thousands who get US citizenship through the diversity visa programme. Permanent migration to the US, Canada and Australia has increased. Nepali migration for short-term work in West Asia and Southeast Asia, along with medium-term work in different parts of the world, has grown dramatically. India was earlier the single-point of external contact, but now more and more Nepalis do not need to come to India for education, work, medical treatment or marital relationships like they did couple of decades ago. This change in social dynamics is coupled with a transformation in the State apparatus, with a new federal structure creating seven provinces and 763 local government units with 35,000 elected officials.

But India, immersed in its own story, has not been able to keep up with these developments in Nepal. Older links are breaking down. Today, younger Indians who would have a generation or two ago seen Nepal as an obvious tourist destination, decide to lap up other possibilities in the region and beyond. Nepal remains a pilgrimage destination, but overwhelmingly for older people. This is reflected in politics too, where younger politicians on both sides lack the organic links that marked the past.

The state of domain knowledge on Nepal in India remains dismal, with only a few — now rather archaic — experts dominating the narrative. To be sure, the state of in-depth knowledge on India and its ongoing transformation is limited in Nepal too. There, a negligible percentage of men, above the age of 65, dominate the discourse whereas the demographic data suggests 50% of Nepalis are under 25 and 70% under 35. In the usual seminars and events on India and Nepal, there is a dearth of younger voices with fresh perspectives, as it mostly remains dominated by retired officials.

The change in Nepal's economy has gone unnoticed too. It has been one of the fastest growing economies in the past couple of years with a real GDP of $34 billion and a GDP under the Purchasing power parity method at $80 billion. With the highest tax to GDP ratio in South Asia, the Nepal government budget is over $8 billion a year, with a good part funded by government revenues.

The dependence on aid has plummeted. Ironically, Nepalis spend more on education in countries where aid originates. For instance, Nepalis last year spent $1.3 billion in Australia on education while Australian aid to Nepal is around $ 22.5 million. With a population of 30 million, Nepal is also consuming more as land prices are increasing rapidly and remittances soaring. All of this makes it important for India to view Nepal with new lenses. It needs to engage in a manner in which it sees how Nepal can fit in its Act East policy in new frameworks such as Bangladesh, Bhutan, India, Nepal Initiative and Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation.

We need to recall that India-Nepal relationship flourished when Calcutta (now Kolkata) was the capital 100 years ago. For people in the bordering areas of Bihar, Uttar Pradesh, Uttarakhand, West Bengal and Sikkim, Nepal has a special place for work, business, trade and different forms of social engagements. It will be important to take this regional — and sub regional — view and see how some of the provinces of Nepal can have deeper and closer relationship with neighbouring states of India.

Finally, we need to revive more people-to -people relationship among the young through more visits and programmes, be it educational tour exchanges or short term fellowship exchange programs.

It is the youth of these two countries who will define the future of the bilateral relationship. An open moment exists for recalibrating the relationship between the two countries where so many things we have on both sides taken for granted. If people-to-people relationships prosper, societal and regional relationship will prosper and make better engagement at national levels between politicians and bureaucrats of both sides possible.

***Sujeev Shakya is author of Unleashing The Vajra to be released in India this week. He is Founder CEO of beed management, an international consulting company based in Kathmandu.***

# चित्रकलाद्वारा देश विकासमा युवा

काभ्रे। बनेपाको चण्डेश्वरी मन्दिरको प्राङ्गणमा लाखबत्ती बाल्नेहरु, मन्दिरमा पूजापाठ गर्न आउने र वनभोज आउने जाने मानिसहरुको उपस्थिति बाक्लै देखिन्थ्यो । यही भीडभाडभन्दा फरक दृश्य पनि त्यहाँ देखिन्थ्यो ।

मन्दिरको हाताभित्र र बाहिर चारैतिर हातमा ब्रस, रङ् र क्यानभाष बोकेका कलाकारहरु छरिएर बसेका थिए। कोही मन्दिरलाई चित्रमा उतार्न व्यस्त थिए । कोही मन्दिरको वरपरका दृश्यहरुलाई चित्रमा कैद गर्दै थिए। बनेपा, भक्तपुर, ललितपुर र काठमाडौंबाट आएका कलाकारहरु मन्दिर, पाटी, वरपरका साना मन्दिर अनि पारिपट्टिको हरियो जंगल क्यानभाषमा कैद गरिरहेका थिए ।

सामाजिक सञ्जाल फेसबुकमार्फत संपर्कमा आएका कलाकारहरु मिलेर हरेक शनिबार खुला आकाशमुनि बसेर चित्र कोर्न सटर्डे प्लेन एयर वर्कसप (Saturday plein air workshop) नामको समूह बनाए । जसले देशका विभिन्न स्थानमा रहेको प्राकृतिक सम्पदा, पूरा तात्विक महत्व बोकेका स्थानहरु पहिचान गरी त्यहाँको दृश्य क्यानभाषमा उतार्दै आएको बनेपाका कलाकार रुविन बादेले बताए ।

यस वर्कसपका संयोजक दिपेश प्रधानले ऐतिहासिक, धार्मिक, साँस्कृतिक पक्ष, जनजीवन, भेषभुषा, वातावरण, सम्पदा र स्थानीय महत्वलाई स्थलगत रुपमा अवलोकन






गरी चित्रमा उतार्ने र त्यस्ता चित्रहरुलाई संकलन गरी २-३ महिनामा एक पटक प्रदर्शनीमा राख्ने गरेको वादेले बताए ।

गत पुसमा रसुवाका प्राकृतिक सम्पदाहरुबारे कलाकार हरुले तयार गरेका चित्रहरु ठमेलमा प्रदर्शनीमा राखेका थिए। चित्रकलाको माध्यमबाट नेपाली कला, संस्कृति र ऐतिहासिक संपदाहरुको संरक्षण गर्नुका साथै देश विदेशमा प्रचारप्रसार गर्ने यस वर्कसपको उद्देश्य रहेको छ ।

नेपाल भ्रमण वर्ष २०२० को अवसरमा यस समूहका रुविन बादे बनेपा, दिवेश प्रधान काठमाडौं, राकेशचन्द्र श्रेष्ठ ललितपुर, दिपेन्द्र बनेपाली भक्तपुर, राजेन्द्र याकमी भक्तपुर, पुण्य माताङ्ग भक्तपुर, राधेश्याम कर्माचार्य भक्तपुर, लक्ष्मीप्रसाद खोतेजा भक्तपुर, विकाश विसुङ्छे भक्तपुर, प्रकाश मानन्धर ठिमी, हरि प्रजापति ठिमी, श्रीजीत भासिमा ठिमी, तथागत चित्रकार काठमाडौं, साजिद शाक्य बनेपा, बाल कलाकारहरु श्री जयी श्रेष्ठ र श्री यास श्रेष्ठ बनेपा लगायतका कलाकार हरुले चण्डेश्वरीको सम्पदा र स्थानीय महत्वलाई स्थलगत रुपमा अवलोकन गरी चित्रहरु तयार पारेको र उक्त चित्र साँझपख प्रदर्शनमा राखेको स्थानीय कार्यक्रम सहजकर्ता एवं कलाकार रुविन वादेले बताए। बनेपाका अग्रज कलाकार नेपाल सुधार भैल र सहायक कर्माचार्यले पनि अनुगमन गरेका थिए ।

## फ्रि तिब्बत...

अमेरिकी तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिभ्सले चीनको स्वशासित क्षेत्र तिब्बतका नागरिकको राजनीतिक र मानवीय सहयोगका लागि समर्थन जनाउने विधेयक पारित गरेको छ । चीनले सिमान्तकृत समुदायमाथि दमन गरेको दाबी गर्दै अमेरिकाले तिब्बत पोलिसी एन्ड सपोर्ट एक्ट (टिपीएसए) २००२ को संशोधन गर्न नयाँ विधेयक ल्याएको छ । हाउस अफ रेप्रिजेन्टेटिभ्समा भएको मतदानमा पक्षमा ३ सय ९२ मत परेको थियो । सत्तारुढ रिपब्लिकनका २१ र स्वतन्त्र १ सांसदले विधेयकको विपक्षमा मत खसालेका थिए ।

## गाडी...

भाडादरमा हिँड्ने सवारीसाधनलाई पाँच सयदेखि १५ सय रुपैयाँसम्म कारबाही गर्ने बताइएको छ । महाशाखा प्रमुख एसएसपी भीम ढकालले उपत्यकाभित्र चल्ने सार्वजनिक सेवाका सवारीसाधनमा भाडासम्बन्धी गुनासो धेरै आउने गरेकाले नियन्त्रणका लागि अभियान चालिएको बताए । महाशाखाले पहिलो चरणमा बस, माइक्रो, ट्याक्सी र टेम्पोमा भाडादर कार्यान्वयन अभियान चलाउने भएको छ ।

## अमेरिकी...

बताए । उनले परियोजनाभित्र कसको के 'हिडेन इन्ट्रेस्ट' -भित्री स्वार्थ) छ भनी खोजी गर्नु उपयुक्त नभएको तर्क समेत गरेका छन् ।

तर एमसीसीका विपक्षमा रहेका नेकपाका नेताहरुले यो परियोजना इन्डोप्यासिफिक रणनीति अन्तर्गतकै भएको, यसले स्वाधीनता र सार्वभौमसत्तामाथि प्रहार गर्ने, आर्थिक प्रणालीमा अधिकार नहुने जस्ता प्रश्न उठाउँदै आएका छन् । पार्टी नेताहरुलाई जवाफ दिने शैलीमा प्रस्तुत भएका प्रधानमन्त्रीले यस विषयमा अमेरिकाले समेत प्रस्ट पारिसकेकाले अब अनावश्यक भ्रम छरिरहनु आवश्यक नभएको बताएका थिए । तर अमेरिकी दुतावासले केही पहिले नै एमसीसी इन्डोप्यासिफिक स्टाट्रेजी (आइपीएस) कै हिस्सा भएको प्रस्ट पारिसकेको छ । हिन्द प्रशान्त क्षेत्रलाई एसिया प्यासिफिक क्षेत्रका रुपमा चिनिँदै आएको छ । पछिल्लो समय संयुक्त राज्य अमेरिकाले यस क्षेत्रलाई इन्डोप्यासिफिक क्षेत्रका रुपमा परिभाषित गर्दै 'डर्पाटमेन्ट अफ डिफेन्स' को प्राथमिक विषयका रुपमा लिएको छ । अमेरिकी डर्पाटमेन्ट अफ डिफेन्सको इन्डोप्यासिफिक स्टाट्रेजी (आइपीएस) अनुसार यस क्षेत्रभित्र पर्ने सबै राष्टअनुसार यस क्षेत्रभित्र पर्ने सबै राष्ट्रको सार्वभौमिकताको रक्षा गर्दै अन्तर्राष्ट्रिय सिद्धान्त र मान्यताभित्र रही निष्पक्ष एवं प्रतिस्पर्धात्मक व्यापार प्रवर्द्धन गरी यो क्षेत्रभित्र पर्ने सबै सानाठूला राष्ट्रको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ ।

अर्थराजनीतिमा चीनको उदय भएसँगै एसियन अर्थराजनीतिमा अमेरिकी प्रभुत्व कायम राख्नका लागि लिइएको अमेरिकी वैदेशिक नीति हो इन्डोप्यासिफिक स्टाट्रेजी अर्थात् आइपीएस । यसलाई दुइ कोणबाट हेर्न सकिन्छ । पहिलो राजनीतिक अमेरिकी परराष्ट्र नीतिका तीन लक्ष्यमध्ये तेस्रो लक्ष्य हो, अमेरिकी विचारधाराको प्रसार गर्नु । सन् १७८९ मा राष्ट्रपति जर्ज वाशिङ्टनले आफ्नो पहिलो राष्ट्रपतीय सम्बोधनमा विश्वभर स्वतन्त्रता एवं लोकतान्त्रिक प्रारुपको सरकारको भोग गर्न पाउने नागरिक अधिकारको रक्षा गर्ने जिम्मेवारी अमेरिकी जनताको भएको बताएका थिए ।

वेल्ट एन्ड रोड इनिसिएटिभमा रोडले समुद्री मार्गमार्फत् चीनलाई दक्षिणपूर्वी एसियाबाट अफ्रिका हुँदै युरोप जोड्नेछ भने बेल्टले स्थलमार्गमार्फत केन्द्रीय एसिया हुँदै युरोप जोड्नेछ । चीनको यो महत्वकांक्षी परियोजनामार्फत विश्वका १५० भन्दा बढी मुलुकबीच व्यापार, पूर्वाधार विकास एवं लगानीका लागि सहकार्य हुनेछ । विश्वका करिब ६२ प्रतिशत जनता यो परियोजनामार्फत जोडिनेछन् जसले विश्वमा चिनियाँ राजनीति एवं अर्थनीतिलाई स्थापित गराउन महत्वपूर्ण भूमिका खेल्नेछ । चिनियाँ परियोजनाको चुनौती स्वरुप अगाडि सारिएको अमेरिकी प्रोजेक्ट हो- इन्डोप्यासिफिक स्टाट्रेजी र यसकै एक अंग हो मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) ।

## तातोपानी...

चिनियाँ चिकित्सकबाट स्वास्थ्य परीक्षण गरी सामान्य ज्वरो आएका व्यक्तिलाई पनि नेपाल प्रवेशमा रोक लगाउँदै आएको छ । (रासस)

## एमसीसी...

रक्षाका लागि सम्पूर्ण देशभक्तलाई एक हुन अपिल गरेका छन् । भारतले महाकाली लिएको बेलाका आसामी केपी ओली र जनयुद्धका आसामी प्रचण्डको सत्तामा हालीमुहाली भएकै बेला कालापानी कब्जा गर्नु र सरकार आफ्नो नक्सा सार्वजनिक गर्न समेत तिघ्रा कमाउनुले नेपालको राष्ट्रियता र सार्वभौम सत्ताको रक्षाका लागि जनता आफैं जाग्नुपर्ने मैनालीको भनाइ छ । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले विरोध सभालाई सम्बोधन गर्दै हाम्रो सानो खरबारी, खेत संधियारले मिच्दा हामी अदालतसम्म पुग्छौं तर भारतले ३ वटा भक्तपुर जिल्लाजत्रो भूभाग आफ्नो नक्सामा पारिसक्दा समेत रमिता हेरेर बस्छौं भने हाम्रो राष्ट्रियता र सार्वभौमसत्ता संकटतर्फ धकिलिएको स्पष्ट हुन्छ भनेका छन् ।

कालापानीको भूभाग ७० वर्ष पहिल्यै हडपे पनि त्यो हाम्रो भूभाग हो भनेर नेपाल सरकारले भन्न सकेन । अहिले नक्सामा राखेर औपचारिक तवरदेखि नै कब्जा गरेपछि सञ्चारमाध्यममा खैलाबैला मच्चियो । अनि मात्र सरकार झिनो स्वरले यस बारेमा बोल्यो ।

जनताले स्पष्ट रुपले थाहा पाउने गरी सरकार बोल्न सकेको छैन भन्दै नेता केसीले आफ्नो सेनापति मारिँदा लाखौं इरानी जनता सडकमा ओर्लिएर अमेरिकाको विरोध गर्दै देशभक्ति देखाए तर हाम्रो जनतामा त्यो खालको देशभक्ति भाव जाग्न नसकेको बताए ।

एमसीसीबारे बोल्दै केसीले रुसलाई घेराबन्दी गर्न नाटो सम्झौता गरेजस्तै चीनलाई घेराबन्दी गर्ने उद्देश्यले एमसीसी अन्तर्गत आएको ५५ अर्ब कुनै हालतमा स्वीकार्नु नहुने बताए । महाकाली पास गर्दा फटाहाहरु मुलुकलाई अर्बौं फाइदा हुन्छ भन्थे तिनै फटाहाहरु अहिले एमसीसीको फाइदा बखान गर्दैछन् भन्दै राजमो अध्यक्ष केसीले देशको स्रोत साधन विदेशीलाई सुम्पेर सत्तामा स्थायी रुपले बस्न खोज्ने फटाहा राष्ट्रघातीसँग सचेत रहन जनतामा अपिल गरेका छन् ।

देशभक्त जनतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेलले विरोधसभालाई सम्बोधन गर्दै देशको स्वाधीनताको रक्षाका लागि जनता सडकमा ओर्लनुको विकल्प नरहेको बताउँदै ७१ ठाउँमा मिचिएको नेपाली भूभाग भारतीय नक्सामा राखेको कालापानी लिम्पियाधुरा क्षेत्रको नेपाली भूभाग फिर्ता गराउन सम्पूर्ण देशभक्त जनता राष्ट्रियताको पक्षमा एकजुट बन्नुपर्नेमा जोड दिए । गजुरेलले नेपाल सरकार आफ्नो नक्सासम्म नबनाई भारतीयले बनाइदिएको नक्सा विद्यालयमा पढाइरहेकाले साना नानीहरुमा समेत भ्रम छरिरहेको बताउँदै अविलम्ब अतिक्रमित भूभागसहितको नेपालको नक्सा प्रकाशन गर्नुपर्नेमा जोड दिए । आफ्नो नक्सासम्म बनाउन नसक्ने दलाल सरकार र जनताबीचको दूरी झन् बढेको भन्दै गजुरेलले भारतले तुरुन्त सेना फिर्ता लगेर हाम्रो भूमि फिर्ता गरोस् भनेका छन् ।

एमसीसी सम्बन्धमा बोल्दै नेता गजुरेलले अमेरिकाले गर्ने भनेको सहयोग इन्डोप्यासिफिक रणनीति अन्तर्गतकै भएकाले यस्तो सहयोग कुनै हालतमा स्वीकार्न नहुने बताए । उनले चीन घेर्ने सबैभन्दा सुगम ठाउँ नेपाल नै भएकाले अमेरिकाले एमसीसीमार्फत आफ्नो सामरिक पञ्जा लम्काएकोमा कुनै दुईमत छैन भने । गजुरेलले एमसीसी पास गर्ने सांसदहरुको सडकमा बेहाल हुने चेतावनी दिएका छन् ।

विरोधसभामा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष गोपाल किराँती, पुष्पलाल अध्ययन समाजका अध्यक्ष लोककृष्ण भट्टराई, माथिल्लो कर्णाली बचाउ अभियानका अध्यक्ष भरतबहादुर शाही, सर्वहारा नेकपा (माओवादी) कि अध्यक्ष भावना विद्रोही, राष्ट्रिय जागरण परिषद्का सचिव हेमन्त सेढाइँ, जन समाजवादी पार्टीका उपमहासचिव डीबी कार्की, नेकपा संयुक्तका अध्यक्ष चन्द्रदेव जोशी, एमसीसी खारेज अभियानका संयोजक नारायण शर्मा लगायतका नेताहरुले सम्बोधन गर्दै एमसीसी खारेजी तथा अतिक्रमित नेपाली भूमि तत्काल फिर्ता गर्न जोडदार अपिल गरेका थिए । विरोधसभाको सञ्चालन नेकपा मसालका प्रवक्ता रामप्रकाश पुरीले गरेका थिए ।

## नेपाल...

सीमा विवाद कायमै छ । कञ्चनपुरको डोकेबजार नजिक एउटा मात्र स्तम्भ मर्मत भएको छ । यसपालि गठित सर्भे टोलीलाई कञ्चनपुरको पुनर्वास क्षेत्रको सीमा विवाद सुल्झाउने जिम्मेवारी तोकिएको छ । प्यारातालमा पनि विवाद उस्तै छ । प्याराताल भारतको दुधवा नेसनल पार्क छेउमा पर्छ । त्यहाँका वन्यजन्तुको पानीका लागि भारतीय पक्षले ताललाई आँखा लगाएको स्थानीय बताउँछन् । गत दुई वर्ष अवधिमा नेपाल-भारत संयुक्त सीमा सर्भे टोलीले कैलाली र कञ्चनपुरका मुख्य र सहायक गरी ७७ वटा नयाँ पिलर निर्माण गरेको छ ।

## आयातीत...

क्रमशः सुधार गर्दै लगेको छ । आगामी ३-४ वर्षभित्र ६ हजार मेगावाट बिजुली थप्ने योजना उसको छ । आगामी आर्थिक वर्षमै ११ सय मेगावाट बिजुली उत्पादनका लागि अन्तिम चरणमा पुगिसकेका छन् । नेपाल ऊर्जामा आत्मनिर्भर बन्नुपर्छ भन्ने प्रधानमन्त्रीको चाहनालाई सबै तह र तप्काबाट सहयोग मिल्नु जरुरी छ । नेपालको जलविद्युत्मा स्वदेशी लगानी प्रवर्द्धन गर्नुपर्ने दिशामा सबै एकजुट हुन जरुरी छ ।

सन् २०२३ मा प्रतिव्यक्ति ऊर्जा खपत सात सय युनिट पुऱ्याउने राज्यको नीति छ । तर यो विषय जटिल र चुनौतीपूर्ण पनि छ । प्रधानमन्त्रीको 'समृद्ध नेपाल र सुखी नेपाली' अभियानलाई असफल पार्नतिर हैन कि लगानी लगाउने उचित वातावरण बनाउनतिर सबै लाग्नु आजको आवश्यकता हो ।

नेपाललाई आर्थिक रुपमा सबल र स्वावलम्बी बनाउन नसकेकै कारण भारतले यहाँका जलाशयहरुमा आँखा गाडेको हो । माथिल्लो तामाकोसी, सिक्टा सिँचाइ पाँचवटा अर्धजलाशययुक्त जलविद्युत् आयोजनाहरु सबैमा भारतको आँखा गाडिएको छ । अहिलेका मन्त्रीहरूबाट प्रधानमन्त्री सन्तुष्ट छैनन् । त्यसैले प्रधानमन्त्रीले देशलाई ऊर्जामा आत्मनिर्भर बनाउन चालेको कदमलाई सबैतिरबाट भाँजो हाल्ने काम भइरहेको छ किनकि अहिलेका मन्त्रीहरुलाई कमिसन चाहिएको छ । प्रधानमन्त्री कमिशन र भ्रष्टाचारको विपक्षमा छन् ।

# चर्चाको शिखरमा "मेरी पुतली"

काठमाडौं । वेभ सिरिजबाट लोकप्रियता कमाएका कलाकार एउटै म्युजिक भिडियोमा देखिएका छन् । मेलिना राई र हिमाल सागरको स्वर रहेको गीतको भिडियोमा सहिन प्रजापति, कुशल विष्ट, जिवेशसिंह गुरुङ, सुनिसा बजगागाईं, सरोज ओली एकैसाथ देखिएका हुन् ।





'मेरी पुतली' बोलको म्युजिक भिडियो 'गज्जब क्रु' को पहिलो प्रस्तुति हो । दिपक शर्माको संगीत, यस पत्रिकाका भाषा सम्पादक समेत रहेका घनश्याम ओलीको शब्द रहेको गीतको भिडियो सहिन प्रजापतिले निर्देशन गरेका हुन् । नवराज उप्रेतीको छायांकन रहेको भिडियोलाई अमन मानन्धरले सम्पादन गरेका हुन् ।

यस भिडियोका सम्बन्धमा विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानका अध्यक्ष गोपीकृष्ण प्रसाईं लेख्नुहुन्छ- घनश्याम दाइको शब्द रहेको 'मेरो पुतली' शीर्षक गीतले आजको परिवर्तित संसारको रंगीन परिवेश र अन्तर्मनका अनौठा प्रवृत्तिहरुलाई उजागर गर्ने प्रयास गरेको छ । परिवर्तित समाज र स्वतन्त्रताको उपभोग गर्न समाजमा राष्ट्रिय परिवेश, संस्कार र परम्पराले मात्र अहिलेका पिँढीको चाहनालाई सम्बोधन गर्न सक्दैन र मान्छेहरु अन्य देशमा घटेका, चलेका र उपभोग गरिरहेका प्रवृत्तिहरुसँग रमाउन थालिसके । सबै सक्षम हुनुको अर्थमा स्वतन्त्रता पनि बहुत जिउँदो र स्वच्छन्द भएर उभिएको अवस्था छ । मान्छेका चाहनाहरु प्रेमिल भावनाहरु को-कससित गाँसिन पुग्छन् कसैले बुझ्न सक्दैन । कसैको भर गर्न नसक्ने रगीन संसारको चित्रण गरेको गीत भरपुर कमेडीले भरिएको छ ।

वास्तवमा क्यारेक्टर निभाउने सिलसिलामा सबै पात्रहरुले हास्य रसलाई अँगालेर यथार्थ भूमिका निभाएका छन् । स्वर, संगीत, रचना सबै उत्कृष्ट छन् । साथै कलाकारको दमदार अभिनयले यो एलबमले राम्रै मार्केट लिने अपक्षा गर्न सकिन्छ । एउटा फरक धार समातेर रंगमञ्चमा आएको यो गीत राम्रा गीतहरुमध्येमा पर्छ र बजारमा यस्ता फरक गीतले पकड जमाउँछ पनि ।

## अमर...

कार्यक्रमहरुको आयोजना गरियो । सरकारको औपचारिक कार्यक्रमका अतिरिक्त राजनीतिक दलहरुले पनि आआफ्नै ढंगले सहिदको सम्झना गर्दै श्रद्धाञ्जली अर्पण गरेका छन् ।

यसैबीच संयुक्त राष्ट्रिय आन्दोलनमा आबद्ध भएका दलहरुले सहिद मञ्चमा भेला भई औपचारिक रुपमा सहिदहरुप्रति श्रद्धा सुमन अर्पण गरेका छन् । नेकपा मालेका महासचिव सीपी मैनाली, जनमोर्चा पार्टीका अध्यक्ष डा.वीरेन्द्र, नेपालवाद पार्टीका अध्यक्ष किरण शर्मा, नेकपा संयुक्तका नेता प्रमोदराज घिमिरे, नेपाल समाजवादी कांग्रेसका अध्यक्ष गोविन्द निरौला, सर्वहारा नेकपा माओवादीका अध्यक्ष भावना विद्रोहीलगायतका नेताहरुले सहिदहरुप्रति सम्मान व्यक्त गर्दै सहिदले देखाएको बाटोमा सबैले हिँड्नुपर्छ भनेका छन् । देशको स्वतन्त्रताको निम्ति माफी माग्ने भन्दा बली चढ्न तयार हुने चार सहिद र अन्य सबै सहिदहरुको योगदान बिर्सन नहुनेमा उनीहरुले जोड दिएका छन् ।

सहिदको बलिदानीबाट प्राप्त भएको लोकतन्त्रलाई वर्तमान सत्ताधारीहरुले बदनाम गराएको र नेपालको राष्ट्रियता, सार्वभौम सत्तामा खतरा पैदा भएको विदेशी हस्तक्षेप र अतिक्रमण बढेको प्रति वक्तहरुले

आक्रोश पोखेका थिए । सरकारले सदनमा छलफलका लागि प्रवेश गराएको एमसीसी सम्झौताको समेत सहभागीले खुलेर विरोध गरेका थिए । सरकारले गरेको भ्रष्टाचार, राष्ट्रघातका विरुद्ध एक ढिक्का हुन सहिद दिवसले प्रेरणा दिने विश्वास समेत व्यक्त गरिएको थियो । सहिद मञ्चका सहिदहरुको बेवास्ता गरेको सरकारले प्रधानमन्त्री र राष्ट्रपतिको सवारी मार्ग पर्ने भएकाले सहिदमञ्चको कार्यक्रम छिटो टुंग्याउन प्रहरीमार्फत पटक पटक दबाब दिने काम भएको थियो ।

## सहिद...

उनीहरुको बलिदानको गौरवगाथाले हरेक मान्छेलाई प्रेरित गर्छ । नेपालमा प्रत्येक वर्ष माघ १० देखि १६ गतेसम्म सहिद सप्ताह मनाउने गरिन्छ । सहिदको सम्झना र उनीहरुबाट लिइने प्रेरणा जीवन्त, मूर्त हुनुपर्छ । तर वार्षिक कर्मकाण्ड जस्तै बनेको छ सहिद सप्ताह । सहिद गेटमा जाने प्रभातफेरी गर्ने, माल्यार्पण गर्ने फर्किने यति नै हो सहिदलाई दिइने सम्मान । वीर सहिदहरुका परिवारको हालत के छ ? उनीहरुले कस्तो परिवेशमा जीवन बाँचिरहेका छन्, राज्यले खोजी गरेको पाइँदैन । सात साले अपूर्ण क्रान्तिपछि २०१७ साले फौजीकाण्डद्वारा निरंकुश र निर्दलीय पञ्चायती कुशासनको चक्र सुरु गने राजा महेन्द्रले । फासिस्ट निरंकुश पञ्चायती राजविरुद्ध कांग्रेस र कम्युनिस्टहरुले विद्रोह गर्ने साहस गर्दा समाजका थुप्रै अगुवाहरु, राज्यद्वारा मारिए । कांग्रेसका रामलक्ष्मण, दुर्गानन्द झा, यज्ञबहादुर थापाहरुले लोकतन्त्र बहालीका निम्ति आफ्नो सुन्दर जीवन कुर्बान गरे । निरंकुश पञ्चायती व्यवस्था र हुकुमी तानाशाहका खिलाफमा वि.सं. २०२७०२८ सालमा झापाली सचेत युवाहरुले विद्रोह गरे । त्यही क्रममा नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल, रामनाथ दाहाल, नारायण श्रेष्ठलाई सुखानीमा गएर ती सहिदहरुको सालिकमा माल्यार्पण गर्नु मात्र उनीहरुको सम्मान होइन । उनीहरुले देखेको सपना थियो- समानतापूर्ण, गरिबी मुक्त समाज । नोकर चाकर, गोठाला हरुवाचरुवाहरु, किसान मजदुरहरुको सत्ता । नयाँ जनवादी क्रान्ति समाजवाद, साम्यवाद । तर समृद्ध नेपाल सुखी नेपालीको लोकप्रिय नाराका आवरणमा नेकपाका नेता कार्यकर्ताहरु मुलुक लुट्न तँछाडमछाड गरिरहेका छन् । पशुपति शर्माले गीतमार्फत त्यसै भनेका होइनन्, लुट कान्छा लुट, अन्त कतै पाइँदैन नेपालमै छ छुट ।

राजनीतिक परिवर्तनका हरेक कालखण्डमा सहिदहरु थपिँदै गएका छन् । ०४६ सालको राजनीतिक परिवर्तनका लागि थुप्रैले जीवन उत्सर्ग गरे । ०६२।६३ को जनआन्दोलनमा पनि आन्दोलनकारीहरु मारिए । निरंकुश राजतन्त्र विरोधी सो आन्दोलनमा घाइते हुनेहरुमाथि राज्यको आँखा अझै परेको छैन । आन्दोलनमा सहादत प्राप्त गर्नेहरुको परिवारको के अवस्था छ ? राज्यले चासो देखाएको छैन । सहिदका विचार, आदर्श, मूल्य र मान्यताहरुको खोजी र अनुशरण गर्ने गरिँदैन । वर्षमा एकपटक सहिद सप्ताह मनायो, राष्ट्रपति, प्रधानमन्त्रीलाई टिभीमा देखायो बस सहिदप्रतिको राज्यको दायित्व सकियो ।

२०५२ सालमा माओवादी विद्रोह सुरु भयो । यो विद्रोह एक दशकसम्म चल्यो । १७ हजार बढी मानिसहरु मारिए । बेपत्ता हुनेहरुको संख्या अझै एकिन छैन । ०६४ मा मधेस आन्दोलन चल्यो । त्यसबेला पनि मानिस मारिए । संविधान निर्माणताका पनि मधेस आन्दोलन चर्कियो । त्यसबेला पनि दर्जनौं व्यक्तिहरु ढालिए । मरेका सबै लाई सहिद घोषणा गरिनुपर्ने माग भयो । माओवादी विद्रोह र मधेस आन्दोलनमा मारिएकाहरु पनि सहिदको श्रेणीमा चढे । सहिदको संख्या बढ्दै गयो । कसलाई सहिद मान्ने ? भन्नेबारेमा निश्चित मापदण्ड नबनाई १० लाख नगदका आसमा सहिद परिवार भनिनेहरुको संख्या अहिले अनगिन्ती छन् । पछिल्लो समयमा सहिदलाई हल्काफुल्का रुपमा राज्यले लिन थालेको देखिन्छ नत्र जोसुकैलाई सहिदको श्रेणीमा किन राख्ने ?

# सोध्न मन लागिरहेछ

**गोपीकृष्ण प्रसाई**




महिनौदेखि अष्ट्रेलियाको जंगलमा आगो सल्किरहेछ
निभ्दैन त !
अनि सोध्न मन लागिरहेछ
अन्तरिक्ष विजेताहरूलाई
एकै छिन्मा संसार धवस्त बनाउने आणाविक हतियार,
र यसका ठेकेदारहरूलाई
प्राणीभित्रको आत्मा
र यसको अमरत्वको व्याख्या गर्नेहरूलाई,
साझा पृथ्वीको अवधारणा ल्याउने ती सुन्दर मनहरूलाई
युध्दको दम्भ उचालेर रण कौसल देखाउनेहरूलाई
केमिकलको प्रयोग गरि पानी बनाउनेलाई
केमिकलकै प्रयोग गरि आगो निभाउनेलाई,
हो साँच्चै मलाई सोध्न मन छ
यो आगो अष्ट्रेलियाको मात्र हो?
यी १०० करोड आत्माहरू अब त्यहीं मात्र घुम्छन्?
प्रदुषित मन र अस्वस्थ शरीर बोकेर
पृथ्वी घुमिरहेछ
करोडौं आत्माको मलामी बनेको खबर सूर्यसम्म पुर्याईरहेछ।

भागवत गीता, बाईबल जतातत्तै आत्माको कुरा छ,
यति धेरै आत्माको क्रन्दनले पृथ्वी रूवाउदैन होला?
स्वर्गबाट धरतीमा आगो ल्याउने ए प्रमिथस?
धरतीमा पानीको ठेक्का लिएर बसेका देवेन्द्र?
यो के तमासा हो?
किन झम झम बर्षा भएन त्यहाँ?
दुई तिहाई पानी भएको पृथ्वीमा
अष्ट्रेलिया जलिरहेछ
करोडौं आत्माहरू जलिरहेछन्
त्यो सुन्दर हरियाली जलिरहेछ
मानव सभ्यता त्राहिमाम छ
संसार रूवाउने यो त्रासदी!
यी आँखाबाट अनयास पीडा बगिरहेछन्
मान्छेले खोतलेको खोतल्यै छ यो धरती
मान्छेले निरन्तर प्रताडन दिईरहेको छ यसलाई
मान्छेको क्रिडाभूमि मात्र हो यो धरती?
के हो त यो धरती?
डार्बिनले साझा मानेर गए
यी पशु प्राणी बिनाको कविता कस्तो होला?
चरा बिनाको संगीत कस्तो होला?
जंगल बिनाको नांगो धर्तीमा
पानी कसरी पर्छ?
जलवायु परिवर्तनका नाममा आईएनजीओहरू सेमिनार गरिरहेछन्
तर धरतीमा उदण्डता र ताण्डवनृत्य गरेर मान्छे सभ्यताबाटै निरन्तर झरिरहेछन्
त्यत्रो समुन्द्र छ त्यहाँ
आगो निभेन खै?
यत्रा प्रविधि छन् यहाँ
आगो निभेन खै ?
एउटै हतियारले संसार खत्तम पार्छु भन्नेलाई सोध्न मन छ
आगो किन निभेन ?
वरूणास्त्र बनाउनेलाई सोध्न मन छ
आगो किन निभेन ?
सृष्टिकर्तालाई सोध्न मन छ
के यो सृष्टि यस्तै हो ?
सूर्यदेवलाई सोध्न मन छ
कति ताप चाहियो दिवाकर ?
पृथ्वीलाई सोध्न मन छ
धरती माता!तपाईंका सन्तानहरू जलेका जल्यै छन् त !

आफ्ना स्रोत र साधनले मात्र नपुग्दा
बाह्य सहयोग पनि बढेको छ
आगो निभ्दैन कतिनै प्रयासमा पनि
विविध सौन्दर्यको फूलबारी अष्ट्रेलियामा आज
अव्यक्त पीडा गढेको छ,
जलवायु परिवर्तनको डँका पिटेर के गर्नु ?
संसारका बलशालीहरूको महिमा सुनेर के गर्नु ?
आणविक हतियारको नालीबेली पढेर के गर्नु ?
जरत्कारूले पितृहरूको उध्दार गरेको कथा पनि सुनेकै हो
आत्माको अमरत्व र भागवत गीता पनि पढेकै हो,
अनेकौं प्राणी र हरियालीले सुन्दर बनाएको पृथ्वीमा
दावानल सल्किएपछि
खग्रास ग्रहण लागेको आकासमा
डढेको मायामठ बोकेर देवगणहरू डुल्न निक्लिएपछि
आँसुहरूको सागर कस्तो होला ?
के म आत्माको बखान मात्र गरिरहुँ ?
निरोजस्तै बांसुरी बजाएर जलेको रोम हेर्नें ईच्छा कसैलाई नहोस्.....
यो चन्द्रमा डढिरहेको समय,
आर्तंकित विश्व,
करोडौं बर्षदेखि पृथ्वीले जोगाएको सन्तानहरू
तिमीहरू डढिरहंदा पनि मैले केही गर्न सकिन...
छल्केको समुन्द्र पनि बोल्दैन
अग्लेको हिमाल पनि केही भन्दैन
अरू त के भगवान पनि बोल्दैनन्
समुन्द्रै समुन्द्र भएको पृथ्वीमा
भष्मासुर बलियो भएर आयो
रक्तवीजले आगो बनेर ती प्राणीलाई चपायो
आगो निभाउने प्रयास जारी छ.....
तर भष्मासुर प्राणीको मासुमा रमायो।

संचार माध्यम कराका कराई छन्.....
ब्रम्हाण्डको अन्वेषणमा जुटेका ए वैज्ञानिहरू !
चन्द्र धरातलमा बस्ती बसाउन हिम्मत गर्ने हरू हो !
यति सुन्दर महादेश जोगाउँन अहिले
यति सुन्दर चराचर बचाउँन सबैले
चन्द्रमाको बसाई त सफल होला, नहोला ?
भगवानले दिएको यो धरती जोगाउँन पहिले,
धरती जोगिए मात्र हबल टेलिष्कोपको काम आउला,
अनि ग्रह, नक्षत्रको अन्वेषणमा रमाउँला,
नासाको कृति सुवास जगमगाउला,
जलिरहेको धरती देखेर बिचलित यो मन
त्यहां जस्तै मेरो मन पनि जलेको छ,
यो डरलाग्दो कालखण्डमा,
अष्ट्रेलिया जल्दा हामी जलिरहेछौं
जिजीविषाहरूमा दरार पैदा हुँदा
हामी गलिरहेछौं ।
विज्ञानले
पृथ्वी विजय गरेको यही हो ?
बचाउने त धरती माता हुन
न्यानोपन मिलेर आएको छ माथिबाट
प्रगतिको नाममा थांगथिलो पारिएको छ धरतीको मुटु
हाम्रै उत्ताउलोपनले पर्यावरण गिजोलिएको छ
आमालाई झुकाइरहे
सृष्टिकर्तालाई दुखाइरहे
खै अरू के के हुने हो ?
दुई तिहाई खण्ड पानीले भरिएको पृथ्वीमा
करोडौं प्राणी डडेर मरे
कयौं प्राणी आगोको भीषण रापले रोएर मरे
कयौं प्राणी डराएर मरे
कयौं प्राणी अत्तालिएर मरे
कयौं प्राणी विचलित भएर मरे
दर्जनौं उध्दारकर्मीहरू मरे
दर्जनौ सुन्दर मनहरू मरे
दर्जनौ सुन्दर आत्माहरू मरे
कठै यो यो प्यारो धरती
कठै त्यो सुन्दर महादेश !
प्यारो अष्ट्रेलिया !
तिम्रा आँसु संगै यी आंसु बगिरहेछन्
यो क्रुर खेल प्रकृतिको !
संसार आफ्नै धुनमा छ
प्रकृतिको ताण्डवनृत्यमा
तन्त्र मन्त्रहरूको पनि काम आएन,
के लेख्नु र कविता खै ?
त्यो विनासकारी आगोले करोडौं जीवहरू
जलिरहेछन् !
असीम हरियालीहरू जलिरहेछन् !!
मानव मूर्छना र सुन्दर सपनाहरू जलिरहेछन् !!!
सिंगो पृथ्वी र यसका अपार सौन्दर्यहरू जलिरहेछन्